का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ पुस २०८१,
मंगलबार
17 December, 2024
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक २९८ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# रविसहित ५१ प्रतिवादी डेढ अर्ब बिगो दाबी



- सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाइयो
- सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा कारबाही माग
- प्रतिवेदन अध्ययनपछि अभियोजनसहित मुद्दा दर्ता हुने
- देशभरिका ९ वटा सहकारीको रकम अपचलन भएको निष्कर्ष
- ५१ जनालाई प्रतिवादी बनाउनुपर्ने माग
- १ अर्ब ५१ करोड ४० लाख १९ हजार १९४ रुपैयाँ बिगो दाबी
- ५ पुसभित्र जिल्ला अदालत कास्कीमा अभियोगपत्र दायर गरिने
- लामिछानेका प्रत्येक मुद्दामा थप सजाय माग

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १ पुस ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेका सहकारी ठगीसहितका मुद्दा अब अदालत पुग्ने भएका छन् । कास्की प्रहरीले लामिछानेविरुद्धको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा सोमबार बुझाएको छ । पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका लामिछानेविरुद्ध अनुसन्धान सकेर प्रहरीले रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको हो ।

सरकारी वकिल कार्यालयमा पुगेको उक्त प्रतिवेदन अध्ययनपश्चात् जिल्ला अदालत कास्कीमा दर्ता हुने छ ।

लामिछानेविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा कारबाही माग दाबी गर्दै प्रतिवेदन बुझाइएको छ ।

हिरासतमा राखेर अनुसन्धान गर्न थपिएको म्याद सकिनुअघि नै प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाएको हो । काठमाडौंबाट २ कात्तिकमा पक्राउ परेर कास्कीको पोखरा लगिएका लामिछाने झन्डै ६० दिनदेखि प्रहरी हिरासतमा छन् । लामिछानेसहितलाई अनुसन्धानका लागि पछिल्लो पटक थपिएको म्याद सोमबार नै सकिएको छ ।

'लामिछानेमाथि अनुसन्धान गरी तयारी पारिएको प्रतिवेदन आज सरकारी वकिलको कार्यालय कास्कीमा बुझाएका छौं', जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) वसन्त शर्माले भने । पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन गरेको आरोप लामिछानेमाथि छ । उनीमाथि सोही अभियोगमा अनुसन्धान गरी प्रहरीले »» पृष्ठ २ मा

## अनुसन्धान प्रतिवेदनमा के छ ?

पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा ५१ जनालाई प्रतिवादी बनाउनुपर्ने राय अनुसन्धान प्रतिवेदनमा छ ।

सूर्यदर्शन सहकारीका संस्थापक अध्यक्ष जी. बी. राईसहित ५१ जनालाई प्रतिवादी बनाउनुपर्ने रायसहित प्रतिवेदनमा उल्लेख भए पनि ३७ जना फरार प्रतिवादी छन् । पूरक जाहेरी आउनुअघि पक्राउ परेर लामिछानेसहित ५१ जनालाई प्रतिवादी कायम गर्न राय दिइएको छ ।

अहिले प्रतिवादी बनाउन सिफारिस गरिएकामध्ये १४ जना मात्र पक्राउ परेका छन् । बाँकी ३७ जना फरार रहेकाले उनीहरूको खोजी जारी रहेको जनाइएको छ । »» पृष्ठ २ मा

## अब के हुन्छ ?

सरकारी वकिल कार्यालयमा प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाएपछि कहिले मुद्दा दर्ता हुन्छ ? जेल सजाय हुने छ कि धरौटीमा रिहा गरिने छ ? भन्ने चासोको विषय बनेको छ ।

मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को अनुसूची- १ मा उल्लेखित फौजदारी कसुरहरूको अनुसन्धान प्रहरी अनुसन्धानकर्ताबाट हुन्छ । सोहीअनुसार लामिछानेलाई पक्राउ गरेर प्रहरीले अनुसन्धान गरेको छ । कसुरको अनुसन्धान सम्बन्धित अनुसन्धान »» पृष्ठ २ मा

चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्वाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

एमालेलाई राहत

## दानको जग्गामा पार्टी कार्यालय बनाउने बाटो खुला

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १ पुस ।

व्यवसायी मीनबहादुर गुरुङले एमालेलाई दिएको जग्गा दानविरुद्ध परेको रिट सर्वोच्च अदालतले खारेज गरिदिएको छ । सर्वोच्च अदालतका न्यायाधीश अब्दुल अजिज मुसलमान र बालकृष्ण ढकालको संयुक्त इजलासले सोमबार जग्गा दानविरुद्धको रिट खारेज गरिदिएको हो ।

गुरुङले एमालेको पार्टी कार्यालय बनाउन १० रोपनी १४ आना जग्गा दिएका छन् ।

गत २५ असोजमा गुरुङ र उनकी श्रीमती सावित्री गुरुङसँगै प्रधानमन्त्री केपी शर्मा ओली र उनकी श्रीमती राधिका शाक्यले काठमाडौंको कीर्तिपुर नगरपालिका- २ मैत्रीनगरमा एमाले पार्टी कार्यालयको शिलान्यास गरेका थिए । त्यसबेला १ वर्षभित्र सुविधा सम्पन्न पार्टी कार्यालय बनाएर हस्तान्तरण गर्ने घोषणा गरिएको थियो ।

तर, १ कातिकमा अधिवक्ताहरू डा. ज्ञान बस्नेत, श्यामकृष्ण मास्के र अर्जुन थापाले दानमा पार्टी कार्यालय बनाउने कार्य गम्भीर भ्रष्टाचारजन्य अपराध भएको भन्दै सर्वोच्च अदालतमा रिट दिएका थिए ।

> सरकारकै नेतृत्वकर्ता दलले विभिन्न तहका अदालतमा मुद्दा विचाराधीन भएको व्यक्तिबाट जग्गा दान लिएको भनेर भएको आलोचनालाई अब अदालतले वैध भनेको तर्क गर्ने आधार नेता/कार्यकर्तालाई मिलेको छ

सोमबार न्यायाधीशहरू मुसलमान र ढकालको संयुक्त इजलासले जग्गा दानविरुद्ध दायर भएको रिट निवेदनलाई खारेज गरिदिएको हो ।

जग्गा दान र भवन निर्माण रोक्न माग गरिएको अधिवक्ता बस्नेतको रिटलाई सर्वोच्च प्रशासनले १ कात्तिकमा दरपीठ गरिदिएको थियो । तर, दरपीठविरुद्ध परेको निवेदनमा न्यायाधीश तिलप्रसाद श्रेष्ठले ६ कात्तिकमा सर्वोच्च प्रशासनको निर्णयलाई बदर गरिदिएको थियो ।

सोमबार रिट नै खारेज भएको हो । यससँगै दानमा प्राप्त जग्गामा पार्टी कार्यालय बनाउने बाटो एमालेलाई खुला भएको छ । यसले एमालेलाई नै राहत दिएको कतिपयको टिप्पणी छ किनभने सरकारको नेतृत्वकर्ता दलले पार्टी कार्यालय बनाउन जग्गा लिएको भनेर त्यसबेलै आलोचना भएको थियो ।

प्रमुख राजनीतिक दलमध्येको एक अनि सरकारमै भएको समयमा विभिन्न तहका अदालतमा मुद्दा »» पृष्ठ २ मा

## सर्च कमिटीले सकेन काम गर्न, अर्को कमिटी बनाउन सिफारिस

संक्रमणकालीन न्यायसम्बन्धी आयोगमा पदाधिकारी सिफारिस गर्न गठित सर्च कमिटीले काम गर्न नसकेको स्वीकार गर्दै अर्को सर्च कमिटी बनाउन सिफारिस गरेको हो

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ पुस ।

संक्रमणकालीन न्यायसम्बन्धी आयोगमा पदाधिकारी सिफारिस गर्न गठित सर्च कमिटीले काम गर्न नसकेको स्वीकार गरेको छ । आफूहरूले काम गर्न नसकेको स्वीकार गर्दै सर्च कमिटीले अर्को सर्च कमिटी बनाउन सिफारिस गरेको हो ।

म्याद सकिनु अगाडि सर्च कमिटीले सोमबार अर्को सर्च कमिटी बनाउन सिफारिस गर्ने निर्णय गरेको हो ।

२ महिनाको समय दिएर सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी सिफारिस गर्न २ कात्तिक २०८१ मा सर्च कमिटी गठन गरेको थियो । २ महिनाको समय सकिएको उल्लेख गर्दै सर्च कमिटीका प्रवक्ता खम्बबहादुर खातीले सूचना निकालेर अर्को सर्च कमिटी बनाउन भनेका हुन् ।

'...दुवै आयोगका अध्यक्ष र सदस्यको नाम सिफारिससम्बन्धी प्रक्रिया पुनः प्रारम्भ गर्न उपयुक्त हुने देखिएकोले तत्सम्बन्धी प्रक्रिया पुनः प्रारम्भ गर्न नेपाल सरकार, मन्त्रिपरिषद्लाई अनुरोध गरिएको छ', खातीको सूचनामा उल्लेख छ ।

अल्पमत/बहुमतमा गएर निर्णय गर्नु राम्रो नहुने निष्कर्षसहित यस्तो निर्णयमा पुगिएको उल्लेख गरिएको छ ।

अगाडि लेखिएको छ, 'सिफारिस समितिबीच केही विषयमा मतैक्यता हुन नसकेकोले सिफारिस समितिभित्र बहुमत र अल्पमतको निर्णय गर्दा यसबाट दूरगामी असर पर्न सक्ने, शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आयोगमा नियुक्त हुने अध्यक्ष तथा सदस्य नियुक्तिको प्रक्रियालाई थप विश्वसनीय र स्वीकार्य बनाउनको लागि आयोगका »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएको विदेशिने यात्रुको भीड ।
तस्बिर : सुरज घिमिरे/रासस

## अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस मनाइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ पुस ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सप्ताहव्यापी अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस मनाउन सुरु गरेको छ । मन्त्रालयले यस वर्षका लागि 'सुरक्षित आप्रवासनको आधार : सूचना र सीपसहितको रोजगार' भन्ने मूल नारा तय गरेको छ ।

मन्त्रालयले विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा दिवस मनाउन सुरु गरेको हो ।

दिवसको पूर्वसन्ध्यामा मन्त्रालयले आप्रवासी दिवसका लागि राष्ट्रिय आह्वानपत्र जारी गरेको छ । विश्वभर अन्तर्राष्ट्रिय आप्रवासी दिवस हरेक वर्ष डिसेम्बर महिनाको १८ तारिखका दिन मनाइने गरिएको छ । कामका लागि वैदेशिक रोजगारीमा जाने र उनीहरूका परिवारको अधिकारका लागि यस दिवसले सरकारको ध्यानाकर्षण गराउने गरेको छ । अन्तर्राष्ट्रिय आप्रवासन संगठनद्वारा प्रकाशित विश्व आप्रवासन प्रतिवेदन, »» पृष्ठ २ मा

## एनपीएलको प्लेअफ समीकरण पूरा

- पहिलो क्वालिफायर सुदूरपश्चिम र जनकपुरबीच हुने
- चितवन र कर्णालीले एलिमिनेटर खेल्ने
- क्वालिफायर र एलिमिनेटर खेल बुधबार



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १ पुस ।

नेपाल प्रिमियर लिग (एनपीएल)को प्लेअफ समीकरण पूरा भएको छ ।

लिग चरणको अन्तिम खेलमा सोमबार सुदूरपश्चिम रोयल्ससँग पराजित भए पनि कर्णाली याक्स रन रेटका आधारमा प्लेअफमा स्थान बनाउन सफल भएको छ । सुदूरपश्चिमले सोमबार कर्णालीविरुद्ध ६ विकेटको विजय हात पारेपछि क्वालिफायर्सको समीकरण बनेको हो ।

सुदूरपश्चिमले यो लक्ष्य १२ दशमलव २ ओभरमा पूरा गरेको भए कर्णालीलाई उछिन्दै काठमाडौं गुर्खाज नेट रन रेटमा अगाडि रही प्लेअफमा पुग्ने थियो । सुदूरपश्चिमले १५ दशलमलव २ ओभरमा पूरा गरेपछि कर्णाली पनि शीर्ष ४ मा सुरक्षित भएको हो ।

सुदूरपश्चिम ७ खेलमा ६ जितसहित शीर्ष स्थानमा छ । ५ जितसहित जनकपुर बोल्ट्स दोस्रो, ४ जितसहित चितवन राइनोज तेस्रो र समान ४ जितसहित कर्णाली चौथो स्थानमा रहँदै प्लेअफको यात्रा तय गरेको हो ।

शीर्ष स्थानमा रहने २ टोलीले पहिलो क्वालिफायर खेल्ने छन् । पहिलो क्वालिफायरमा सुदूरपश्चिम र जनकपुरबीच प्रतिस्पर्धा हुने छ ।

यस्तै, तेस्रो र चौथो स्थानमा रहने टोलीले एलिमिनेटर खेल्ने छन् । चितवन र कर्णालीले एलिमिनेटर खेल्ने छन् । »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२ पुस २०८१, मंगलबार
17 December 2024, Tuesday

# 'स्थिरता र विकासमा गतिशीलता नै सत्ता गठबन्धनको उद्देश्य'

काठमाडौं/मस-सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको राजनीतिक गठबन्धनको मुख्य उद्देश्य मुलुकमा राजनीतिक स्थायित्व कायम गर्दै विकासमा गतिशीलता ल्याउनु रहेको बताएका छन् ।

काठमाडौंमा सोमबार आयोजित कार्यक्रममा उनले देश विकासको मुख्य बाधकका रूपमा रहेको राजनीतिक अस्थिरता अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताए ।



पटक पटक सरकार बन्ने र परिवर्तन हुने प्रवृत्तिले निर्माणाधीन विकास योजना, नीति, नियम र आधारहरू लथालिङ्ग भएको बताउँदै सरकारका प्रवक्ता गुरुङले त्यसैले वर्तमान गठबन्धन सरकारले राजनीतिक स्थायित्वसहितको विकासमा जोड दिएको उल्लेख गरे ।

'राजनीतिक अस्थिरता भयो भने सरकार अस्थिर हुने र सरकार अस्थिर हुँदा त्यसको असर विकास निर्माण र जनतामा समेत पर्ने गरेको छ । तसर्थ देशका दुई ठूला दल एमाले र कांग्रेसको सहयकार्यमा सरकार गठन अत्यावश्यक थियो, सोहीअनुसार हामीले गरेका छौं,' उनले भने, 'विगतमा हामी सधैं सत्ता र राजनीतिक अस्थिरतामै रुमलियौं, जसले गर्दा मुलुकको समृद्धि ओझेलमा परिरह्यो । अब यस्तो हुँदैन, यो सरकार जनतामा स्थायित्व महसुस गराउन अभ्यासरत छ ।'

## रविसहित...

सरकारी वकिललाई प्रतिवेदन बुझाएको हो ।

सहकारीको रकम अपचलनको अभियोगमा उनीसँगै गोर्खा मिडिया नेटवर्कका संचालक तथा नेपाल प्रहरीका पूर्वडीआईजी छविलाल जोशी, लीला पछाई, रामबहादुर खनाल र कृष्णबहादुर गुरुङ कास्की प्रहरीको हिरासतमा छन् ।

जोशी ६ असोजमा पक्राउ परेका थिए भने ९ असोजमा पछाई समातिएका थिए । त्यस्तै, खनाललाई ९ कात्तिकमा पक्राउ गरिएको थियो ।

सहकारी ठगी प्रकरणमा लामिछानेसहित उनीहरूविरुद्ध ५ जिल्लामा उजुरी परेको थियो । सोही उजुरीका आधारमा लामिछानेसहित अन्य ४ जनालाई कास्की, चितवन, काठमाडौं, रुपन्देही र पर्सा पुर्‍याएर बयान लिइसकेको छ । सबै ठाउँमा बयान सकिइसकेकाले अब प्रहरीले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयमा उनीहरूविरुद्ध अनुसन्धानको प्रतिवेदन बुझाएका हो ।

अब सरकारी वकिलको कार्यालयले प्रतिवेदन अध्ययन गरी अभियोजनसहित मुद्दा दर्ता हुने प्रवक्ता शर्माले बताए ।

सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रा. लि.को खातामा आएको र उक्त रकम खर्च गर्ने प्रक्रियामा लामिछानेसमेतको सहभागिता देखिएको संसदीय छानबिन विशेष समितिले ठहर गरेको थियो ।

गोरखा मिडिया नेटवर्कमा देशभरिका ९ वटा सहकारीको रकम अपचलन भएको समितिले निष्कर्ष निकालेको थियो । प्रतिवेदनमा उल्लेख भएअनुसार गोरखा मिडिया नेटवर्कमा पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी, चितवनको सहारा, वीरगन्जको सानो पाइलाको रकम अपचलन भएको छ । त्यस्तै, इमेज, समानता, सुमेरु र आइएमईबाट पनि गोरखा मिडियामा रकम अपचलन भएको संसदीय समितिको प्रतिवेदनमा उल्लेख छ ।

समितिले ३१ भदौको प्रतिनिधिसभा बैठकमा प्रतिवेदन पेस गरेको थियो । मन्त्रिपरिषद् बैठकले उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेसँगै प्रहरीले अनुसन्धान अघि बढाएको हो ।

सम्पत्ति शुद्धीकरणमा अनुसन्धानका लागि २ महिनासम्म हिरासतमा राखेर अनुसन्धान गर्न मिल्ने कानुनी प्रावधान छ, जसअनुसार लामिछानेलाई प्रहरीले हिरासतमा लिएको आगामी शनिबार २ महिना पूरा हुन्छ ।

प्रहरीका अनुसार भ्याएसम्म मंगलबार नै अदालतमा मुद्दा दर्ता गरिने छ । नभ्याएको अवस्थामा सरकारी वकिलको कार्यालयले थप हिरासतमा राख्न म्याद माग्ने छ । म्याद नै मागेको अवस्थामा पनि धेरै दिनसम्म मुद्दा दर्ता नगरी राख्न भने मिल्दैन । गत वर्ष २२ माघमा दिएको पूरक जाहेरीका आधारमा प्रहरीले उनीहरूविरुद्ध अनुसन्धान गरेको हो ।

**झा र थापालाई थुनामै राख्न आदेश**

नक्कली शरणार्थी प्रकरणका अभियुक्त बेचन झा र प्रतीक थापालाई थुनामै राख्न उच्च अदालत पाटनले आदेश दिएको छ ।

न्यायाधीश अन्जु उप्रेती ढकाल र कैलाशप्रसाद सुवेदीको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालतकै निर्णय सदर गरेको हो ।

दुवैलाई २ भदौ २०८१ मा जिल्ला अदालत काठमाडौंले थुनामा राख्न आदेश दिएको थियो । आदेशपछि उनीहरू थुनामुक्त गर्न माग गर्दै उच्च अदालत पुगेका थिए । तर, उच्चले पनि उनीहरूको मागअनुसार थुनामुक्त गर्न अस्वीकार गरेको हो ।

उनीहरूमाथि ठगी, लिखत किर्ते, राज्यविरुद्धको अपराध र संगठित अपराधको आरोप छ ।

## अनुसन्धान...

५१ जनाविरुद्ध १ अर्ब ५१ करोड ४० लाख १९ हजार १९४ रुपैयाँ बिगो मागदाबी गरिएको छ ।

सहकारी बचत रकम अपचलन, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउन प्रहरीले राय दिएको प्रतिवेदनमा उल्लेख छ ।

यी सहकारीबाट गोर्खा मिडिया प्रा. लि. र नेचर्स हर्ब्सलगायतमा ऋण गएको र ती रकम अपचलन भएको प्रहरी अनुसन्धानबाट देखिएको छ ।

प्रहरीले अनुसन्धानका क्रममा लामिछानेले विभिन्न सहकारीलाई ऋण तिर्न काटेको चेक पनि बरामद गरेको छ । यसलाई लामिछाने सहकारी ठगीमा संलग्न बलियो प्रमाण मानिएको छ ।

प्रहरीका अनुसार गोर्खा मिडिया र सुप्रिम सहकारीमाथि अनुसन्धानका क्रममा लामिछानेले काटेको चेक फेला परेपछि उनलाई चेकको प्रतिलिपि देखाएरै सोधपुछ गरिएको थियो । त्यस क्रममा उनका तत्कालीन साझेदार प्रहरीका पूर्वडीआईजी जोशीलाई समेत जिम्मेवार बनाउनुपर्ने भनिएको थियो । प्रहरीले प्रतिवेदनमा यी तथ्यहरूलाई पनि समावेश गरेको छ ।

लामिछानेसहित ५० जनालाई प्रहरीले सम्पत्ति शुद्धीकरण, सहकारी ठगी र संगठित अपराध गरेको कसुरमा मुद्दा दायर गर्न सकारी वकिललाई राय दिएको छ । तर, राईलाई थप कसुरमा समेत अभियोजन गर्नुपर्ने प्रहरीको निष्कर्ष छ । अभौतिक मुद्राको कारोबार गरेको प्रमाण फेला परेको हुनाले उनलाई राष्ट्र बैंक ऐनअन्तर्गतको कसुरमा पनि सजाय गर्न मागदाबी लिनुपर्ने राय दिइएको छ । राईले क्रिप्टोमार्फत विदेशमा रकम लगेको प्रमाण प्रहरीले भेट्टाएको जनाएको छ ।

लामिछानेलाई कैद र जरिमाना हुनुपर्ने प्रहरीको राय छ । लामिछानेलाई सहकारी ठगीमा ४ देखि ६ वर्षसम्म कैद सजाय हुनुपर्ने राय दिइएको छ । सहकारी ऐन, २०७४ को दफा १२२२ को उपदफा (छ), (ढ) र (त) विपरीत कसुर गरेको अनुसन्धानमा देखिएको भन्दै प्रहरीले सहकारी ऐन, २०७४ को दफा १२४ को उपदफा (१) को खण्ड (घ) को (४) (ङ) बमोजिम ४ देखि ६ वर्षसम्म कैद सजाय हुनुपर्ने राय दिएको हो ।

लामिछानेलाई संगठित अपराधमा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(१), (२), (३ क) र (५) को विपरीतको कसुर गरेको भन्दै सोही ऐनको दफा ९ (क) र (ग) बमोजिम हुने सजायको थप ५० प्रतिशत सजाय हुनुपर्ने राय प्रहरीले सरकारी वकिलको कार्यालयलाई दिएको छ ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग)ले निषेधित गरेको कार्य गरेकाले २ देखि १५ वर्षसम्मे कैद र बिगोको दोब्बर जरिमाना हुनुपर्ने प्रहरीको राय छ । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ दफा ३० को उपदफा १ बमोजिमको बिगोको दोब्बर जरिमाना र कसुरको मात्राअनुसार कैद सजाय हुनुपर्ने पनि प्रहरीको राय छ ।

लामिछाने सार्वजनिक पद धारण गरेको व्यक्ति भएकाले प्रत्येक मुद्दामा थप सजाय माग गरिएको हो ।

## अब...

अधिकारी र सरकारी वकिलबीचको समन्वय र सहयोगबाट सम्पन्न गरिने व्यवस्था छ ।

अनुसन्धान अधिकारीबाट अनुसन्धानको कार्य सम्पन्न भएपश्चात् अभियोजनसम्बन्धी निर्णयका लागि सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन पठाउने काम भएको हो ।

अब सरकारी वकिलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारको अधीनमा रही मुद्दा चल्ने वा नचल्नेसम्बन्धी निर्णय गर्ने छन् ।

प्रहरीले ३ मुद्दामा कारबाहीको माग गर्दै प्रतिवेदन बुझाए पनि मुद्दा नचल्ने निर्णय गर्न सक्छन् । तर, त्यो सम्भावना भने कम छ ।

यसरी प्रहरीबाट प्राप्त मिसिल अध्ययन गर्दा सबुद प्रमाणका आधारमा मुद्दा चलाउनुपर्ने देखिएमा कसुर र सो कसुरमा हुने सजायको माग दाबीसहितको मुद्दा चलाउने निर्णय सरकारी वकिलले गर्ने छ ।

सरकारी वकिलको निर्णयका आधारमा सम्बन्धित अनुसन्धान अधिकारीले अभियोगपत्र तयार गरी अदालतमा मुद्दा दायर गरिन्छ । सोहीअनुसार सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा मुद्दा दायर गर्ने छ ।

सरकारी वकिल कार्यालयले भने ५ पुसभित्र जिल्ला अदालत कास्कीमा अभियोगपत्र दायर गर्ने छ । हिरासतमा राखेर अनुसन्धानका लागि अब १ दिन बाँकी छ ।

अभियोजन अदालतमा दर्ता भएको भोलिपल्ट थुनछेक बहस सुरु हुने छ । थुनछेक बहसमा लामिछानेलाई थुनाबाट निकाल्ने कि थुनाभित्रै राखेर अनुसन्धान गर्ने भन्ने विषयमा बहस हुने छ ।

अहिले लामिछानेमाथि ३ वटा मुद्दा छन्, जसमा कैद सजाय ३ वर्षभन्दा माथि दाबी गरिएको छ । यसकारण उनी पुर्पक्षका लागि जेल चलान हुन सक्छन् । यदि त्यसो नभए धरौटी वा तारेखमा रिहा हुन पनि सक्ने छन् । यदि प्रमाणहरू कमजोर देखिएमा अदालतले तत्काल रिहा गर्न सक्छ ।

## दानको...

विचाराधीन भएको व्यक्तिबाट जग्गा दान लिएको भनेर भएको आलोचनालाई अब अदालतले वैध भनेको तर्क गर्ने आधार दिएको छ । त्यसबेला पार्टीभित्रबाट पनि आलोचना भएको थियो ।

सर्वोच्च अदालतले फैसलाको पूर्ण पाठ भने सार्वजनिक गरेको छैन । यस कारण रिट खारेज गर्दा लिएको आधार खुल्न सकेको छैन । तर, सर्वोच्चले जारी विवादसम्बन्धी रिट खारेज गरेकाले एमालेलाई भवन निर्माणका लागि भने बाटो खुला भएको छ ।

## सर्च...

अध्यक्ष तथा सदस्यका लागि उपयुक्त व्यक्तिहरूको खोजीलाई अझ व्यापक र प्रभावकारी बनाई नियुक्ति प्रक्रिया अघि बढाउन उपयुक्त देखिएको ।'

दुवै आयोगमा ४/४ जना सदस्य र १/१ जना अध्यक्ष रहन्छन् ।

पछिल्लो समय सर्च कमिटीको बैठक आइतबार साँझ ५ बजे बसेको थियो । राति अबेरसम्म बसेको उक्त बैठक निर्णयमा पुग्न नसकेपछि सोमबार बिहान ८ बजे बैठक राखिएको थियो । फेरि पनि निर्णयमा पुग्न सकेन र दिउँसो ४ बजेको बैठकले अर्को सर्च कमिटी बनाउन सिफारिस गर्ने निर्णय गरेको हो ।

२ आयोगका अध्यक्षका लागि सर्ट लिस्टमा सुदीप पाठक, डिल्लीराज आचार्य, अच्युतप्रसाद भण्डारी, विजय सिजापति, विश्वराज कोइराला, महेश थापा, शेरबहादुर के. सी. र काशीराज दाहाल छन् ।

पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा सर्च कमिटी छ । कमिटीमा खातीसहित मनोज दुवाडी, डा. अर्जुनकुमार कार्की र स्टेला तामाङ सदस्य छन् ।

२०७९ साउनदेखि संक्रमणकालीन न्यायसम्बन्धी २ आयोग पदाधिकारीविहीन छन् । आयोगमा नियुक्तिका लागि ओमप्रकाश मिश्र संयोजकत्वको सिफारिस समितिले २३ कात्तिकमा सार्वजनिक सूचना जारी गरी आवेदन माग गरेको थियो । त्यतिबेला आवेदन दिने म्याद ७ दिनको भए पनि पछि ५ दिन थपिएको थियो । आवेदन दिने म्याद ४ मंसिर अपराह्न ५ बजे सकिएको थियो ।

यो अवधिमा आवेदन र सिफारिससहित १५६ जनाको नाम समितिमा प्राप्त भएको थियो । ८९ आवेदन व्यक्ति आफैं उपस्थित भएर, २० आवेदन अनलाइनमार्फत परेका थिए भने ४७ जनाको नाम संघसंस्थामार्फत सुझावको रूपमा प्राप्त भएका थिए । संघसंस्थाबाट परेका ४७ आवेदनमा पनि सम्बन्धित व्यक्तिको सहमतिसहित २० र सहमति नलिई २७ आवेदन परेका थिए ।

तीमध्येबाट ४० जनाको सर्ट लिस्ट सर्च कमिटीले गत २२ मंसिरमा सार्वजनिक गरेको थियो । तर, सिफारिस समिति निष्कर्षमा पुग्न सकेन ।

नेताहरूका अनुसार आयोग निष्कर्षविहीन हुनुको कारण राजनीतिक तहमा सहमति नजुट्नु हो ।

सुरुमा प्रमुख ३ राजनीतिक दलका शीर्ष नेताहरूबीच सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा राधेश्याम अधिकारीलाई अगाडि बढाउने अनौपचारिक सहमति बनेको थियो । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्ष अग्नि खरेल बनाउने तयारी थियो ।

तर, यी दुवै नाममा सहमति जुटेन । शीर्ष नेताहरूबीच सहमति नजुटेपछि सर्च कमिटीले अधिकारी र खरेलको नाम हटाएर आवेदकहरूको नाम सार्वजनिक गरेको थियो ।

विकल्प खोज्दा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुदीप पाठकलाई सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष बनाउने प्रस्ताव गरे । तर, एमाले अध्यक्ष केपी शर्मा ओलीले मानेनन् ।

सर्च कमिटीकै सदस्य मनोज दुवाडीले पनि सुदीप पाठक नहुने अडान राखे । उनी पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराका फर्म पार्टनर रहेको तर्क दवाडीले गरेका थिए । पाठकको नाममा सहमति जुटे पनि आफूले फरकमत राख्ने दुवाडीको अडानपछि सर्च कमिटी अगाडि बढ्न नसकेको हो ।

## अन्तर्राष्ट्रिय...

२०२४ अनुसार विश्वभर अनुमानित २८ दशमलव १ करोड मानिसहरू आप्रवासी रहेका र त्यसमध्ये आप्रवासी श्रमिकहरूको संख्या १६ दशमलव ९ करोड छ ।

वैदेशिक रोजगार बोर्ड सचिवालयका अनुसार आर्थिक वर्ष २०६५/०६६ देखि हालसम्म वैदेशिक रोजगारीको क्रममा १४ हजार २१३ जना नेपाली कामदारको मृत्यु भएको छ । रोजगारीका क्रममा अंगभंग भएका कतिपय बिरामी अस्पतालमै छन् ।

पछिल्ला वर्षहरूमा मानसिक समस्यामा पर्नेहरूको संख्या बढिरहेको छ । वैदेशिक रोजगारीमा जाने नेपाली कामदार र उनीहरूका परिवारले चर्को सामाजिक मूल्य चुकाउनुपरेको कतिपय अध्ययनले उजागर गरेका छन् । श्रम मन्त्रालयले सार्वजनिक गरेको आह्वानपत्रमा श्रमिकले पठाएको विप्रेषणले आप्रवासी श्रमिकहरूको घर परिवार संचालन, मानवीय जीवनस्तर सूचकांकमा सुधार र गरिबीको आर्थिक जोखिम कम गर्न ठूलो सहयोग पुगेको उल्लेख छ ।

त्यसैगरी नेपाल सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बद्ध कानुनहरूमा परिमार्जन, निःशुल्क अभिमुखीकरण तालिम, सीपसहितको रोजगारीको सुनिश्चितता, श्रम सम्झौता पुनरावलोकनका साथै थप गन्तव्य मुलुकसँग श्रम सम्झौता र समझदारी, वैदेशिक रोजगारीमा जान चाहने नागरिकलाई निःशुल्क बैंक खाता खोल्न र सोही खातामार्फत स्वदेशमा विप्रेषण ल्याउन प्रोत्साहन गर्ने, 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयन गरी वैदेशिक रोजगारीमा रहेका कामदार र स्वदेशमा रहेका उनीहरूका आश्रित परिवारलाई प्रत्यक्ष लाभ पुर्‍याउने नीति लिइएको बताउँदै आएको छ ।

## एनपीएलको...

क्वालिफायर र एलिमिनेटर खेल बुधबार हुने छन् ।

दोस्रो क्वालिफायरमा पहिलो क्वालिफायरमा पराजित भएको टोली र एलिमिनेटरमा विजयी भएको टोलीले प्रतिस्पर्धा गर्ने छन् । फाइनल खेल ६ पुसमा हुने छ ।

चितवन र कर्णालीसँगै समान ८ अंक भए पनि नेट रन रेटमा पछाडि रहेका कारण काठमाडौं गुर्खाज प्लेअफ दौडबाट बाहिरिएको हो ।

७ खेलबाट ८ अंक जोडेको काठमाडौं पाँचौं, ४ अंक जोडेको विराटनगर छैटौं, ४ अंक नै जोडेको पोखरा सातौं र २ अंक जोडेको लुम्बिनीले आठौं स्थानमा रहँदै प्रतियोगिता टुंग्याएका हुन् ।

प्रतियोगिताको पहिलो संस्करणमा ८ फ्रेन्चाइज टिमले प्रतिस्पर्धा गरेका थिए, जसमध्ये काठमाडौं गुर्खाज, विराटनगर किंग्स, पोखरा एभेन्जर्स र लुम्बिनी लायन्स भने लिग चरणबाटै बाहिरिएका छन् ।

एनपीएल १६ मंसिरदेखि सुरु भएको हो । नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गरेको पहिलो संस्करणको एनपीएलमा स्वदेश र विदेशका खेलाडीहरूको सहभागिता छ । एनपीएलका सबै खेलहरू कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भइरहेका छन् ।

एनपीएलको उद्घाटन खेल विराटनगर किंग्स र जनकपुर बोल्ट्सबीच भएको थियो । पहिलो खेलमा जनकपुर विजयी भएको थियो ।

विराटनगर किंग्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, कर्णाली याक्स, लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्स प्रतियोगितामा सहभागी छन् ।

हरेक टिममा न्यूनतम ४ देखि अधिकतम ६ जनासम्म विदेशी खेलाडी छन् । १५ देशका ४० जना विदेशी खेलाडीहरू एनपीएलका लागि अनुबन्धित छन् ।

# कानुन व्यवसायलाई व्यवस्थित बनाउन ऐन परिमार्जन जरुरी : मन्त्री चौरसिया

**काठमाडौं/मस-** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले कानुन व्यवसायलाई थप मर्यादित र व्यवस्थित बनाउन नेपाल कानुन व्यवसायी परिषद् ऐन परिमार्जन गर्न जरुरी रहेको बताएका छन् ।



राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको सोमबारको बैठकमा कानुन व्यवसायी परिषद् ऐन (दोस्रो संशोधन) विधेयक, २०५१ माथिको सैद्धान्तिक छलफलमा उनले यस्तो बताएका हुन् । 'कानुन व्यवसायलाई व्यावसायिक र समयसामयिक बनाउन परिषद्को ऐन परिमार्जन गर्न जरुरी छ', मन्त्री चौरसियाले भने,'अनुशासनको कारबाही, वरिष्ठ अधिवक्ताको मापदण्डलाई थप प्रभावकारी बनाइएको छ, यसले कानुन व्यवसायलाई व्यवस्थित बनाउन सहयोग गर्छ । समितिमा बृहत् छलफल गरेर परिमार्जन गर्नुपर्छ ।'

सोही मन्त्रालयका सचिव उदयराज सापकोटाले लयर्स एकेडेमी खोलेर कानुन व्यवसायीलाई तालिम दिने व्यवस्था गरिएको र विधेयक धेरै विषय परिमार्जन गरेर आएको बताए । उनले तालिमका लागि स्रोत व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा भने धेरै प्रश्न उठ्ने गरेको र विधेयकमा विभिन्न चरणमा सजायका प्रावधानहरू रहेको जानकारी दिए । समितिका सभापति तुलसाकुमारी दाहालले विधेयकमाथि सैद्धान्तिक छलफलपछि सरोकार भएका पक्ष र विज्ञसँग छलफल गरेर दफावार छलफल गरिने बताइन् ।

# नगरको हकहितका लागि परिचालित हुन प्रमुख जयसवालको निर्देशन



**मनोज कुमार साह/मध्यान्ह**
रौतहट, १ पुस

रौतहट गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमणी जयसवालले नगरपालिकाको हक र हितको लागि नगर प्रहरी परिचालन गरिने बताएका छन् । सोमबार गरुडाको तुलसीलाल स्मृति भवन हलमा गरुडा नगर प्रहरी जवान आधारभूत तालिम समूहको दीक्षान्त समारोहमा नगर प्रमुख जयसवालले यस्तो बताएका हुन् । नगर प्रमुख जैसवालको प्रमुख आतिथ्यतामा सम्पन्न समारोहमा नगर प्रहरीलाई सक्षम, मर्यादित र अनुशासित बनाउने लक्ष्य अनुरूप प्रशिक्षार्थी प्रहरी जवानहरूको दीक्षान्त गराइएको थियो ।

समारोहमा नगर प्रमुख जयसवालले प्रशिक्षार्थी प्रहरी जवानहरूलाई अनुशासन, व्यवसायिकता र कर्तव्यपरायणताका साथ आफ्नो जिम्मेवारी निर्वाह गर्न निर्देशन समेत दिए । नगर प्रहरीको भूमिकालाई उत्कृष्ट र उदाहरणीय बनाउनु नै मुख्य उद्देश्य रहेको र विधि, प्रक्रिया र योग्यतालाई प्राथमिकता दिँदै प्रहरी छनोट गरिएको नगर प्रमुख जयसवालको भनाइ छ । नगर प्रमुख जयसवालले स्थानीय सरकार सञ्चालन ऐन र नेपालको संविधान अनुरूप गरुडा नगरपालिकाले प्रहरी ऐन बनाइ प्रक्रियागत ढंगले नगर प्रहरी स्थापनाको योजना अघि बढाएको समेत जानकारी दिए । गतिशील र स्वच्छ नगर निर्माणको परिकल्पना पूरा गर्न नगर प्रहरीले उच्च व्यवसायिकता प्रदर्शन गर्ने विश्वास लिएको नगर प्रमुख जयसवालले बताए ।

नगर प्रमुख जयसवालले तालिम पूरा गरेका प्रहरी जवानहरूलाई भविष्यमा नगरपालिकाको नीति र योजनाअनुसार जिम्मेवारी निर्वाह गर्दै गरुडा नगरपालिकालाई नमुना नगर बनाउन प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरे ।

दीक्षान्त समारोहमा गरुडा ईलाका प्रहरी तालिम केन्द्रका प्रहरी निरीक्षक ओमप्रकाश यादवले नगरपालिकाले दिएको आवासीय सुविधा र विशेष तालिमको प्रशंसा गर्दै यसलाई नमुना योजना भएको बताए । गरुडा नगरपालिकाले तालिमका लागि गरेको लगानी र व्यवस्थापनले नगर प्रहरीलाई सशक्त बनाउने उनले बताए । तालिमका संयोजक प्रहरी निरीक्षक केदार ठाकुरले प्रस्तुत गरेको प्रतिवेदनअनुसार २ महिला र १२ पुरुष गरी १४ जना प्रशिक्षार्थी प्रहरी जवानलाई आवासीय व्यवस्थासहित आधारभूत तालिम प्रदान गरिएको थियो । तालिम अवधिमा उनीहरूलाई कानूनी ज्ञान, अनुशासन, भौतिक तालिम, नागरिक सुरक्षा, र नगर प्रहरीको विशेष भूमिकाका बारेमा प्रशिक्षण दिइएको जानकारी दिइएको थियो । दीक्षान्त समारोहमा नगर प्रहरीका पदाधिकारी, तालिम केन्द्रका प्रशिक्षकहरू, नगरपालिकाका जनप्रतिनिधिहरू र स्थानीय समुदायका प्रतिष्ठित व्यक्तिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागीहरूले नगर प्रहरीको यो कदमलाई स्थानीय शान्ति, सुरक्षा र समृद्धिका लागि महत्वपूर्ण रहेको बताएका थिए ।

# विष्णुमती करिडोरका अवैध संरचनामा टोखाको डोजर

**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ पुस




काठमाडौं टोखा नगरपालिकाले ग्राण्डी अस्पतालको पछाडि रहेको विष्णुमती करिडोर क्षेत्रका घर, टहरामा डोजर लगाएको छ । लामो समयदेखि व्यक्तिहरुले करिडोर क्षेत्रमा रहेका सरकारी जग्गा हडपेर घर/टहरा बनाइ भाडामा लगाउँदै आएका थिए । नगरपालिकाले बारम्बार पत्र पठाएर खाली गर्न अनुरोध गर्दा पनि अटेर गरेपछि सोमबार बिहान २ वटा डोजर लगाइ भत्काइएको प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले जानकारी दिए ।

उनका अनुसार टोखाको मेरुदण्ड लाइफलाइन सडक निर्माणका लागि गत वर्षदेखि नै नयाँ बसपार्कदेखि बुढानिलकण्ठसम्म खोलाको दुबैतर्फ सार्वजनिक जग्गा तथा करिडोर मापदण्डमा परेका घर/टहरा खाली गराउने लक्ष्यअनुसार सोही कार्यलाई निरन्तरता दिएको हो । नगरको सार्वजनिक जग्गा संरक्षण समितिको निर्णयअनुसार कुनैपनि सरकारी जग्गामा अनाधिकृत रुपमा बनेका घर/टहरा पहिलो चरणमा विष्णुमती करिडोरमा खाली गराउन सुरु गरिएको र आगामी दिनमा अन्यत्र भएका सरकारी जग्गाहरु पनि नगरपालिकाको अधिनमा ल्याउने बिसीले बताए ।

केही दिनअघि मात्र टोखा नगरपालिकाले नयाँबसपार्क क्षेत्रका अस्थायी ८२ टहराहरुमाथि डोजर लगाएर खाली गराएको थियो । सो स्थानमा अधिकार सम्पन्न एकीकृत वाग्मती सभ्यताले हरियाली पार्क बनाउन टेण्डर आह्वान गरिसकेको नगरपालिकाले जानकारी दिएको छ । टोखामा ग्राण्डी क्षेत्रका सार्वजनिक जग्गा र टोखा ९ को बसपार्क क्षेत्रका सार्वजनिक जग्गा संरक्षण गर्नु सामान्य चूनौतिको विषय होइन ।

सार्वजनिक जग्गा संरक्षणमा टोखामा प्रमुख प्रशासकीय अधिकृत आएपश्चात जनप्रतिनिधिहरुको पहिल्यैदेखिको योजनाअनुसारको कार्यले प्राथमिकतामा साथ लागु गरिएको थियो । त्यस्तै नदी तथा वातावरण सफाइ र राजश्व संकलनमा पनि नगरपालिकाले प्राथमिकता दिँदै आएको छ ।

सोमबार घर/टहरा हटाउने कार्यमा उपप्रमुख मुरारी तामाङ, प्रमुअ प्रशासकिय अधिकृत शेरबहादुर बिसी, वडा नं. २, ३, ८, ९ र ११ का वडाअध्यक्षहरु, वडासदस्यहरु, नगर प्रहरी, नेपाल प्रहरी र स्थानीयहरुको बाक्लो सहभागिता रहेको थियो ।

# अंगदान र प्रत्यारोपणसम्बन्धी जानकारी अनलाइनमै

**काठमाडौं/मस–** नेपालमा अंग प्रत्यारोपण गर्नुपर्ने बिरामी तथा दान गर्ने दाताले अब अनलाइनबाटै जानकारी लिन सक्ने भएका छन् ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवा विभाग टेकु तथा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको संयुक्त नियन्त्रणमा रहने गरी थालेको अनलाइन सेवाको स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सोमवार उद्घाटन गरे ।

अनलाइनमार्फत् अंगदान गर्ने जोकोहीले दर्ता गराउन सकिने तथा लिन चाहनेले जानकारी समेत पाउने उनले बताए । मस्तिष्क मृत्युपश्चात तत्काल जानकारी अनलाइनमा राखिने भएकाले यसले प्रत्यारोपण कुरिरहेका बिरामी उपचाररत अस्पतालले समेत तत्काल अंग प्रत्यारोपण गर्न जानकारी प्राप्त गर्ने शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले जानकारी दिए ।

दाता तथा बिरामीले केन्द्रको वेबसाइट एसडिएनटिसी डट जिओभी डट एनपीमार्फत् जानकारी लिन सक्नेछन् ।

सेवाको उद्घाटन गर्दै मन्त्री पौडेलले सरकारले नागरिकहरूका लागि निःशुल्क मिर्गौला प्रत्यारोपण तथा डायलासिस सेवा उपलब्ध गराइरहेको भन्दै धेरैको ज्यान बचाउन नागरिकहरूका लागि मस्तिष्क मृत्युपश्चात अंगदान प्रोत्साहन गर्न कार्यक्रम सुरू भएको जानकारी दिए ।

नेपालसहित विभिन्न देशका अंग प्रत्यारोपणमा संलग्न चिकित्सक, विज्ञ तथा सरोकारवाला सहभागी कार्यक्रममा मन्त्री पौडेलले भने, 'देशमा ९८ प्रतिशत मिर्गौला तथा ९० प्रतिशत नागरिक फोक्सो प्रत्यारोपणपछि सामान्य जीवन बाँचिरहेका छन् । हामी प्रत्यारोपण सेवा अझ विस्तार गर्न प्रतिबद्ध छौं ।'

मन्त्री पौडेलले अहिले भक्तपुरको केन्द्र बाहेक पोखरा र सुर्खेतमा उपलब्ध प्रत्यारोपण सेवा यसै वर्ष बाँकी प्रदेशमा विस्तार गर्ने लक्ष्यसाथ काम गरिरहेको बताए । 'यसै वर्ष थप प्रदेशमा सेवा विस्तार भएको पाउनुहुनेछ,' मन्त्री पौडेलले भने । नेपालमा १२ वर्षमा शहीद धर्मभक्त केन्द्रमार्फत् एक हजार तीन सय ३५ मिर्गौला तथा ३० जनाको फोक्सो प्रत्यारोपण भइसकेको छ ।

मन्त्री पौडेलका अनुसार हाल भक्तपुरस्थित केन्द्रका अलावा सरकारीस्तरमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र सुर्खेत प्रादेशिक अस्पतालले अंग प्रत्यारोपण सेवा दिइरहेकामा भेरी अस्पताल घोराही दाङ, सुदूरपश्चिम प्रदेशमा धनगढीस्थित सेती प्रादेशिक अस्पताल तथा बाग्मतीको भरतपुर अस्पतालमा समेत मानव अंग प्रत्यारोपण सेवा विस्तार गर्ने लक्ष्य लिएको छ । कोसी अस्पताल विराटनगरमा केही समयभित्रै यो सेवा थाल्ने तयारी गरिएको छ ।

# २ जना नायब सुब्बाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला प्रशासन कार्यालय महोत्तरीका दुईजना नायब सुब्बाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । नायब सुब्बा अशोक कुमार यादव र दिनेश प्रसाद साहविरुद्ध सोमवार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएको हो ।

अख्तियारका प्रवक्ता नरहरी घिमिरेका अनुसार नायव सुब्बा यादव र साहको आपसी मिलेमतोमा सवारी ज्यान कसुर मुद्दामा मृतकको नजिकको हकदारले पाउनुपर्ने क्रिया खर्च तथा क्षतिपूर्ति वापतको रकम उपलब्ध गराउन सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस लिएको पुष्टि भएपछि उनीहरूविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो । केही समयअघि २० हजार घुससहित नायव सुब्बा यादवलाई अख्तियारको टोलीले नियन्त्रणमा लिएको थियो । उनीहरूविरुद्ध सोही रकम बराबरको बिगो जरिवाना र सजायको माग गरिएको अख्तियारले जनाएको छ ।

# पूर्वमेयर पीएल सिंहको निधन

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाका पूर्वमेयर पीएल सिंहको निधन भएको छ । उनको ८८ वर्षको उमेरमा आइतबार राति चाक्सीबारीस्थित प्रकाशमान निवासमै निधन निधन भएको पारिवारिक स्रोतले जनाएको छ । नेपाली कांग्रेसका नेता सिंह पेटसम्बन्धी रोगको उपचारमा थिए । उनको डल्लुनजिक कंकेश्वरी घाटमा सोमबार अन्त्येष्टि गरिएको छ । अन्त्येष्टिअघि घाटमा उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले पार्टीको झण्डा ओढाएका थिए । सिंहको पार्थिव शरीरलाई अन्त्येष्टि अघि उनकै निवास चाक्सीबारीमा अन्तिम श्रद्धाञ्जली दिइएको थियो ।



यसैबीच काठमाडौं महानगरपालिकाले ३० औं महानगर दिवसको अवसरमा महानगर घोषणाका प्रवर्तक सिंहलाई सम्मान प्रदान गरेको छ । सिंहको कार्यकालमा काठमाडौं नगरपालिकालाई महानगरपालिकामा स्तरोन्नति गरिएको थियो । स्वास्थ्य असहजताका कारण उनी स्वयं सम्मान समारोहमा उपस्थित हुन सकेका थिएनन् । तर उनले आफ्नो शुभेच्छा व्यक्त गरेका थिए । सम्मान समारोह भएको दुई दिनमै सिंहको निधन भएको हो ।

२०५४ मा प्रजातन्त्र पुनःस्थापना पछि आयोजित स्थानीय निर्वाचनबाट काठमाडौं महानगरपालिकाका पहिलो प्रमुखका रूपमा सिंह निर्वाचित भएका थिए । १९९६ साल चैत ११ गते जन्मिएका सिंह पछिल्लो समय पेटको अल्सरको शल्यक्रियापछि ठमेलस्थित आफ्नै निवासमा आराम गरिरहेका थिए ।

यसैगरी, नेपाली कांग्रेसले सिंहको शोकमा तीन दिन झण्डा आधा झुकाउने भएको छ । केन्द्रीय कार्यसमितिको सोमवार बसेको आकस्मिक बैठकले सो निर्णय गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । जसअनुसार पुस १, २ र ३ गते तीन दिनसम्म पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र सबै जिल्ला कार्यालयहरूमा झण्डा आधा झुकाउने, पुस २ गते केन्द्र, प्रदेश तथा जिल्ला कार्यालयहरू बन्द गरिनेछ । पार्टीले सोमवारदेखि १३ दिनसम्म देशका सबै कार्यालयमा शोक पुस्तिका राख्ने र तेह्रौं दिनमा काठमाडौंमा शोक सभाको आयोजना गर्ने निर्णय पनि गरेको छ ।

# कालो पुलमुनि पानी जम्ने समस्या यथावत्



**काठमाडौं/मस–** ललितपुर सानेपास्थित वाग्मती करिडोरअन्तर्गत कालोपुलमुनि पानी जम्ने समस्या हिउँद महिनामा समेत हट्न सकेको छैन् । उक्त पुलमा सवारी प्रयोगकर्तालाई सचेत गराउन सूचना टाँस गरिएको छ । 'यो पुलमुनि बर्सातको समयमा पानी जम्ने भएकाले वैकल्पिक बाटो प्रयोग गरी सुरक्षित यात्रा गर्नुहुन अनुरोध छ' उक्त सूचनामा भनिएको छ ।

काठमाडौं उपत्यकामा अत्यधिक ट्राफिक जामको समस्या झेलिरहेका यात्रुहरुलाई वाग्मती करिडोरले ठूलो राहत त दिएको छ । तर कुपण्डोल-सानेपा खण्डअन्तर्गत कालोपुलमुनि वाग्मती नदीको देब्रेपट्टिको लेनमा वर्खादेखि नै पानी जम्ने समस्याले सवारी आवागमनमा समस्या थपेको छ ।

पुलमुनिको एकतर्फी सडकमा हिँउद-वर्खे पानी जमेपछि सवारी चालक र पैदलयात्रीले सास्ती व्यहोर्दै आइरहेका छन् । बर्खाका बेला जमेको पानी अझै हटेको छैन । दुईतर्फी सडकको एकातर्फ पोखरी जमेको छ । उक्त सडक हुँदै ओहोरदोहोर गर्ने सवारी सधान एकै लेनबाट 'पास' हुने गरेका छन् । पुलमुनि जमेको पानीलाई नालीमा पठाउन 'लेबल' नमिलेका कारण हालसम्म पानी जमिरहेको ललितपुर महानगरपालिका-१ का वडाध्यक्ष निर्मल तण्डुकारले बताए ।


**यूएईमा रोजगार**

कम्पनी: CHENOTH EMPLOYMENT - SOLE PROPRIETORSHIP LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/३० चलानी नं: ६०२२५३९३ LT. No.: 310857 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician (General) | 50 | 0 | | 1200 | ४४,२३२ | | | | | | | |

कम्पनी: DAWAR AL YARMOOK BLDG. CLEANING SERVICES शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/०१ चलानी नं: ६०२२९७२८ LT. No.: 315445

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer/Cleaner | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Executives | 2 | 0 | | 1200 | ४४,२३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ९ गते (24 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.
इजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

**SAUDI मा रोजगार** | कम्पनी : Saad Mashan Hamdan Al-Otaibi Cafe for Serving Beverages. शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०९/०१ चलानी नं.: ६०२२९७४२ L.T. No.: 315485

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1700 | ६१,२५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस ९ गते (24 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

DHR डेष्टिनि ह्युमेन् रिसोर्स नेपाल प्रा. लि.
श्रम ईजाजत नं. ७८९/०६५/०६६
सुविधानगर, तिनकुने, काठमाडौं, फोन.: ०१-५१०४६३२, ५१०४६३४, E-mail: humandestiny53@gmail.com


# भन्सार छलीका सामान बरामद

**पर्सा/मस–** सशस्त्र प्रहरी बल नेपाल, पर्साले भन्सार छलेर भित्र्याइएका लत्ताकपडासहितका मेसिनरी पार्टपुर्जा नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरीले पछिल्ला दुई दिनमा फरक-फरक ठाउँबाट करिब ४५ लाखभन्दा धेरै मूल्य पर्ने भन्सार छली गरेर भित्र्याइएका सामान नियन्त्रणमा लिएको जनाएको छ । सशस्त्र प्रहरी नायब उपरीक्षक विष्णुहरि घिमिरेले सशस्त्र प्रहरीको सक्रियताको कारणले भन्सार छली गरेर भित्र्याइएका सामान दिनँहुजसो नियन्त्रणमा लिँदै आएको जानकारी दिए ।


**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको**
**धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना**

प्रकाशित मिति: २०८१/०९/०२

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सानोश्री, बर्दियाबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणी राम रमेश कुखुरा फर्मको हकमा मिति बि.सं. २०७८/११/१० को अन्नपुर्ण पोष्ट पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति बि.सं. २०७९/०३/०६ को अन्नपुर्ण पोष्ट पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना, र मिति बि.सं.२०८१/०१/३१ को अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, र मिति २०८१/०८/०६ को नयाँ पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ दिने सुचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा शाखा कार्यालय सानोश्री, बर्दियामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा (अधिविकर्ष)**
**ऋणीको नाम : राम रमेश कुखुरा फर्म**
रजिष्टर्ड ठेगाना : गेरुवा गाउँपालिका वडा नं. ५, पशुपतिनगर, बर्दिया
रजिष्ट्रेशन नं. : १६/२०७६/०७७ (गेरुवा गाउँपालिका, गाउँपालिकाको कार्यालय पशुपतिनगर, बर्दिया)
पान नं. र दर्ता मिति : ६१३११०४६६ र २०७६/११/११
दर्ता स्थान : आन्तरिक राजस्व विभाग, नेपालगञ्ज बाँके

**फर्म प्रोप्राइटरको नाम र ठेगाना**
नाम : टिकाराम थारु
बाबु : बलदेव थारु
बाजे : चितु थारु
ठेगाना : पशुपतिनगर गा.वि.स.-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं : १५२०२
जारी मिति : २०६०/०९/१२
जि.प्र.का. : बर्दिया

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : बलदेव थारु
बाबु : चितु थारु
बाजे : अम्रुती थारु
ठेगाना : पशुपतिनगर गा.वि.स.-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : ७/३४०
जारी मिति : २०४४/११/१७
जि.प्र.का. : बर्दिया

२. नाम : ठगनी थरुनी
बाबु : कालुराम थारु
पति : बलदेव थारु
ससुरा : चितु थारु
ठेगाना : पशुपतिनगर गा.वि.स.-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : १७९ इ.न. ७
जारी मिति : २०४६/११/२३
जि.प्र.का. : बर्दिया

३. नाम : अनिता कुमारी थरुनी
बाबु : भहगिया थारु
पति : टिकाराम थारु
ससुरा : बलदेव थारु
ठेगाना : पशुपतिनगर गा.वि.स.-०१, बर्दिया
हाल : गेरुवा गाउपालिका-०५, बर्दिया
ना.प्र.नं. : १५३९६
जारी मिति : २०६०/०१/१२
जि.प्र.का. : बर्दिया

४. नाम : कृष्ण बहादुर थारु
बाबु : बलदेव थारु
बाजे : चितु थारु
ठेगाना : पशुपतिनगर गा.वि.स.-०१, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५३०३०/११
जारी मिति : २०७०/०२/१४
जि.प्र.का. : बर्दिया

५. नाम : राज कुमार थारु
बाबु : बलदेव थारु
बाजे : चितु थारु
ठेगाना : पशुपतिनगर गा.वि.स.-०१, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५२०३०-५१५
जारी मिति : २०६८/०१/२०
जि.प्र.का. : बर्दिया

६. नाम : टिक बहादुर थारु
बाबु : बलदेव थारु
बाजे : चितु थारु
ठेगाना : पशुपतिनगर गा.वि.स.-०१, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं. : १६५५९/७०३५३९०६
जारी मिति : २०६०/१०/२१
जि.प्र.का. : बर्दिया

७. नाम : गीता कुमारी चौधरी
बाबु : भदु थारु
पति : कृष्ण बहादुर थारु
ससुरा : बलदेव थारु
ठेगाना : टिकापुर-०१, कैलाली
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६७२०४०/३५२७
जारी मिति : २०६४/१०/०७
जि.प्र.का. : कैलाली

८. नाम : रुपन कुमारी चौधरी
बाबु : खुसीराम थारु
पति : राज कुमार थारु
ससुरा : बलदेव थारु
ठेगाना : बदालपुर-०४, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५३०२५/६६९
जारी मिति : २०६३/१०/११
जि.प्र.का. : बर्दिया

९. नाम : सविता थारु
बाबु : भिम लाल थारु
पति : टिक बहादुर थारु
ससुरा : बलदेव थारु
ठेगाना : पशुपतिनगर गा.वि.स.-०१, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५-१०-७२-००२९२
जारी मिति : २०७२/०२/१०
जि.प्र.का. : बर्दिया

१०. नाम : सुना चौधरी
बाबु : टिकाराम थारु
बाजे : बलदेव थारु
ठेगाना : गेरुवा गाउँपालिका-०५, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५-०२-७५-००९५०
जारी मिति : २०७५/०३/३२
जि.प्र.का. : बर्दिया

११. नाम : सुस्मा चौधरी
बाबु : टिकाराम थारु
बाजे : बलदेव थारु
ठेगाना : गेरुवा गाउँपालिका-०५, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं. : ६५-०२-७५-००९४८
जारी मिति : २०७५/०३/३२
जि.प्र.का. : बर्दिया

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नाम :- बलदेव थारु**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बर्दिया | पशुपतिनगर | १/१क | ४०२ | (१-०-०) | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | | | ४९५ | (१-०-०) | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा सम्बन्धित शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति : २०८१/०९/०९ गते, मंगलबार**
**समय : दिउँसो ४:०० बजे**
**स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सानोश्री, बर्दिया ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फयाक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

## सम्पादकीय

# गर्नैं नहुने राजनीति

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगको पदाधिकारी सिफारिस गर्न सर्च कमिटी असफल भएको छ । गत २ कात्तिकमा पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा बनेको सर्च कमिटीलाई २ महिनाको समय दिइएको थियो, जसअनुसार पदाधिकारीका निम्ति आवेदन आह्वान गरियो । नाम दर्ता गराएकाहरूमध्ये सुदीप पाठक, डिल्लीराज आचार्य, अच्युतप्रसाद भण्डारी, विजय सिजापति, विश्वराज कोइराला, महेश थापा, शेरबहादुर के. सी. र काशीराज दाहालको नाम सर्ट लिस्टमा राखियो । तर, सर्ट लिस्ट तयार पारेर पनि सर्च कमिटीले पदाधिकारी सिफारिस गर्न सकेन । सिफारिस कमिटीका सदस्यहरूबीच समान धारणा बन्न नसकेको भन्दै अर्को सर्च कमिटी बनाउन आह्वान गरिएको छ ।

देखाउनलाई जस्तो कारण देखाइए पनि दुवै आयोगमा पदाधिकारी चयन गर्न नसक्नुमा राजनीतिक स्वार्थ हाबी हुन पुगेको प्रस्ट छ । दलहरूले आ-आफ्ना स्वार्थबमोजिम पदाधिकारी चयन गर्न खोजेका छन् । सर्च कमिटीले आवेदकहरूको योग्यता र आवश्यकताका आधारमा पदाधिकारी सिफारिस नगरेर राजनीतिक तहमा बारम्बार छलफल गरिएको दृश्यले पनि राजनीतिक स्वार्थ हाबी हुन पुगेको पुष्टि हुन्छ । कसले अध्यक्ष लिने, को पदाधिकारीमा सिफारिस हुने भन्ने कुरामा नेताहरूले अडान लिएको सूचना सार्वजनिक नै भयो । अर्थात्, शान्ति प्रक्रिया टुंग्याउने जस्तो संवेदनशील विषयमा फेरि नेताहरूले राजनीति थाले । नेताहरूको अडानकै कारण २ दशक लामो अवधिमा पनि शान्ति प्रक्रिया निष्कर्षमा पुग्न सकेको छैन ।

तर, ढिलै भए पनि नेताहरूमा शान्ति प्रक्रिया टुंग्याउने सहमति गत भदौमा जुटेको थियो । नेताहरूको सहमतिबमोजिम दुवै आयोगसँग सम्बन्धित कानुन संशोधन विधेयक पारित भयो । लगत्तै आयोगका पदाधिकारी चयन प्रक्रिया अगाडि बढाइएको थियो । तर, आफूअनुकूल पदाधिकारी चयन गर्ने स्वार्थमा फेरि यो विषय गिजोलिन पुगेको छ । पदाधिकारी सिफारिसमा देखिएको दलीय स्वार्थले शान्ति प्रक्रिया टुंग्याउने विषयमै फेरि शंका उत्पन्न हुने खतरा बढेको छ किनकि दलहरूले पीडितलाई हेरेर भन्दा पनि आफ्नो राजनीतिक स्वार्थमा यो विषय अगाडि बढाउन खोजेको अनुमानलाई बल पुगेको छ । त्यसै पनि पीडित परिवारलाई न्याय दिलाउने प्रक्रिया असाध्यै लामो भइसकेको छ । सर्च कमिटीको यो असफलताले फेरि अनिश्चयलाई निम्तो दिने डर छ । अर्थात्, शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउने जस्तो संवेदनशील विषयमा शीर्ष नेताहरू गम्भीर नबनेका प्रस्ट छ ।

# नेपालमा मुद्रास्फीति : बढ्दो चुनौती

अग्रलेख



● शंकरमान सिंह

> मूल्यवृद्धिले सम्पूर्ण आपूर्ति शृंखलालाई असर गर्छ, समग्र उपभोग्य वस्तुको मुद्रास्फीति बढाउँछ र क्रय शक्ति घटाउँछ, जसले गरिब जनतालाई थप गरिब बनाउँछ । हात-मुख जोड्न नै सकसमा पुऱ्याउँछ । नेपाल जस्तो देशमा यो समस्या निकै गम्भीर चुनौतीको रूपमा उभिएको छ

राष्ट्र बैंकको मौद्रिक नीतिले मूल्य स्थिरतालाई प्राथमिक उद्देश्यका रूपमा लिएको छ । नेपालमा हालैको समय महँगी बढेको छ । हालै नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को साउन-कात्तिक ४ महिनाको वित्तीय अवस्थामा उपभोक्ता मुद्रास्फीति ५ दशमलव ६ प्रतिशत पुगेको छ ।

अघिल्लो आ. व. कात्तिकमा यस्तो मुद्रास्फीति ५ दशमलव ३८ प्रतिशत रहेकामा यो वर्ष बढेर ५ दशमलव ६ प्रतिशत पुगेको देखिन्छ । २०८१ सालको साउनदेखि कात्तिकसम्ममा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ३३ दशमलव ९९ प्रतिशत, दाल तथा गेडागुडी १० दशमलव ७८, खाद्य तथा खाद्यजन्य पदार्थ १० दशमलव १५ र घीउ तथा तेलको ९ दशमलव २९ प्रतिशत बढेको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९ दशमलव १ प्रतिशत, गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३ दशमलव ६५ प्रतिशत छ । अघिल्लो वर्ष सोही अवधिमा यी समूहको मुद्रास्फीति खाद्य समूहमा ५ दशमलव ९८ प्रतिशत र गैरखाद्यमा ४ दशमलव ९९ प्रतिशत थियो ।

सर्सरी हेर्दा, ४ महिना (साउन-कात्तिक)मा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ३३ दशमलव ९९ प्रतिशत, दाल तथा गेडागुडी १० दशमलव ७८, खाद्य तथा खाद्यजन्य पदार्थ १० दशमलव १५ र घीउ तथा तेलको ९ दशमलव २९ प्रतिशत बढेको छ ।

यस्तै, मरमसला उपसमूहको १ दशमलव ४१ प्रतिशत, चिनी तथा चिनीजन्य पदार्थ १ दशमलव २८ प्रतिशत र माछा तथा मासुको शून्य दशमलव ०२ प्रतिशत घटेको छ । यसैगरी, गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १० दशमलव ४१ प्रतिशत, मदिराजन्य पेय पदार्थ ६ दशमलव ३५ प्रतिशत, कपडाजन्य तथा जुत्ता-चप्पलको ४ दशमलव ५७ प्रतिशत र सुर्तीजन्य पदार्थको ४ दशमलव २४ प्रतिशत बढेको छ ।

मूल्य वृद्धि मुद्रास्फीतिले एक निश्चित अवधिमा, सामान्यतया १ वर्षमा वस्तु र सेवाहरूको इकाई कति महँगो भएको छ भन्ने मापन गर्छ । यो अर्थशास्त्रमा सबैभन्दा परिचित शब्दहरूमध्ये एक हो । बैंक, वित्तीय संस्थासँग लगानीयोग्य पुँजीको अधिकता र ऋणको मागमा कमी, विप्रेषणबाट करिब १८ महिनाको आयात धान्न पुग्ने विदेशी मुद्राको सञ्चिति, ब्याज दर कम आदि मुद्रास्फीतिका कारक हुन सक्छन् ।

देश आयातीत वस्तुमा निर्भर हुँदा मुद्रास्फीति पनि आयात हुने विज्ञहरू बताउँछन्, जसले जनताको दैनिक जीवनमा प्रत्यक्ष प्रतिकूल प्रभाव पार्छ । विज्ञहरूले सबैभन्दा बढी चिन्ता गर्ने मुद्दाहरू बेरोजगारी र मुद्रास्फीति हुन्, जसलाई कुनै पनि राजनीतिक दलहरूले गम्भीर रूपमा उठाएको देखिन्नँ ।

यो स्पष्ट छ कि सरकार आफ्नो उपस्थिति देखाउन र जनताको पीडाप्रति चासो नदेखाउँदा जनताले सास्ती भोग्नुपरेको छ । देशमा बढ्दो बेरोजगारी र बढ्दो मुद्रास्फीतिलाई सम्बोधन गर्ने कुनै पनि राजनीतिक दल जनताको पीडा सम्बोधन गर्न गम्भीर छैनन्, न त कुनै प्रतिबद्धता नै गरेका छन् । यो जनता र देशका लागि अत्यन्तै दुर्भाग्यपूर्ण हो । जबसम्म सरकारले राम्रो समष्टिगत, वित्तीय र मौद्रिक नीतिहरू कायम राख्न सक्छ, तबसम्म त्यो प्रकारको आर्थिक स्थायित्व हुन्छ । नेपालको सबैभन्दा ठूला व्यापारिक साझेदार भारत र चीन रहेकाले भारतको आर्थिक स्थिति राम्रो रहेकाले नेपालका लागि राम्रो भएको मत राख्नेहरू छन् । नेपाल पनि भाग्यमानी छ किनभने रेमिटचान्स उपलब्ध गराउने विदेशी कामदारहरूको ठूलो संख्या छ । आईएमएफले आगामी केही वर्ष मूल्य वृद्धि र अनिश्चितता रहने उल्लेख गर्दै मौद्रिक नीतिले मूल्यमा स्थिरता कायम राख्ने प्रयास गर्नुपर्ने र आर्थिक नीतिले जीवनयापनको लागत घटाउनेगरी लक्षित हुनुपर्ने जनाएको छ । यद्यपि, यी नीतिहरू धेरै लचिलो हुन/नहुनेसमेत औँल्याएको छ ।

हाल नेपालको बजारमा महँगीको मार थेगी नसक्नु तवरले बढेको छ । चालू आर्थिक वर्षको सुरुवातदेखि नै महँगी सरकारको नियन्त्रणभन्दा बाहिर गएको देखिन्छ । नेपालमा एकै पटक दोब्बर मूल्य वृद्धि हुनु आफैँमा चिन्ताको विषय हो ।

महँगी बढ्नु स्वाभाविक प्रक्रिया भए पनि अस्वाभाविक किसिमको वृद्धि कुनै अर्थमा पनि उचित हुँदैन । महँगी निरन्तर बढिरहने हो भने त्यसले समाजमा विद्रोहको स्थिति निम्त्याउन सक्ने तथ्य अन्य मुलुकहरूका घटनाक्रमले समेत देखाएका छन् ।



अस्वाभाविक मूल्य वृद्धिका कारण दैनिक जीवनयापनमा नै कठिनाइ देखिएपछि आम नागरिकहरू विद्रोहको अवस्थामा पुग्ने गर्छन् । यस किसिमको असहज परिस्थिति आउन नदिन बजारलाई स्वस्थ र सन्तुलित राख्न एवं अचाक्ली मूल्य वृद्धि हुनबाट रोक्न सक्नुपर्छ । नेपालमा यसरी समयसँगै नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) बढ्दै गएको देख्न सकिन्छ । सँगै, रेमिटचान्स प्रवाह पनि बढ्दै गएको छ । कुल गार्हस्थ्य उत्पादन र विप्रेषण आप्रवाहबीचको सम्बन्ध निकै उच्च (९८ दशमलव ६५ प्रतिशत) छ ।

कुल गार्हस्थ्य उत्पादनमा वृद्धि हुनु भनेको जनताको क्रय शक्तिमा वृद्धि हुनु हो र रेमिटचान्सले आमनेपालीलाई सहयोग गरिरहेको छ । पहिलेभन्दा धेरै आरामदायी जीवन बिताउन सकेको हामीले देखेका छौँ । तर, केन्द्रीय तथ्यांक कार्यालयले नेपाल स्टचान्डर्ड लिभिङ सर्भेले रेमिटचान्सको रूपमा प्राप्त हुने ठूलो रकम उत्पादन क्षेत्रमा उपयोग हुन नसकेको देखाएको छ बरु उपभोगमा प्रयोग भइरहेको देखाएको छ, जुन नेपालका लागि दीर्घकालीन चिन्ताको संकेत हुन सक्छ ।

रुस तथा युक्रेनको युद्धका कारण विश्वभर सिर्जना भएको आपूर्ति प्रणालीको समस्या तथा नेपालमा नै पनि उत्पादनमा कमी आएका कारण आयातीत अर्थतन्त्र रहेको नेपालमा महँगी बढेको हो भन्नुमा अत्युक्ति नहोला । मूल्य वृद्धिले सम्पूर्ण आपूर्ति शृंखलालाई असर गर्छ र समग्र उपभोग्य वस्तुको मुद्रास्फीति बढाउने छ र क्रय शक्ति घटाउँछ, जसले गरिब जनतालाई आफ्नो खानाका लागि अझ गाह्रो बनाउँछ ।

नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि २०४६ सालयता र हालैका सरकारहरूबाट समेत प्रत्येक वर्ष अर्थमन्त्रीले अत्यावश्यक वस्तुहरूको मूल्य बढ्न नदिने र नियन्त्रणभित्र राख्ने आश्वासन दिए पनि व्यवहारमा ती कुरा लागू हुन सकेका देखिँदैन । अर्थशास्त्रीहरूद्वारा भनिने उच्च दरको मूल्य वृद्धिबाट हुने नकारात्मक परिणामहरूको बोध हुँदाहुँदै पनि त्यसलाई रोक्न नसकी यो मुद्रास्फीतिको दर विगतका वर्षहरूमा तीव्र तर हुँदै जाने क्रम देखापरेको छ ।

सामान लुट्ने लुटेरा र मुद्रास्फीतिबीचमा समानता रहेको केही विद्वान् लेखकहरू बताउँछन् । यी २ बीचमा खास भिन्नता के छ भने, लुटेराहरू दृश्यवान् हुन्छन्, मुद्रास्फीति अदृश्य हुन्छ । लुटेराबाट हुने १ जना वा केही व्यक्ति पीडित हुन्छन् भने मुद्रास्फीतिबाट सारा राष्ट्रलाई पीडा हुन्छ । लुटेरा अदालतको कठघरामा उभिनुपर्ने हुन्छ तर मुद्रास्फीति कानुनतः मान्य हुन्छ । हालैका महिनाहरूमा खाद्यान्नको मूल्यमा उल्लेखनीय प्रतिशतले वृद्धि भएको छ । यस्तो देखिन्छ, यो एक विश्वव्यापी समस्या हो । हाम्रा छिमेकी मुलुक चीन र भारतमा पनि मुद्रास्फीति यो सबैभन्दा हानिकारक समस्याका रूपमा देखापरेको छ । मुद्रास्फीतिको तरबार यी विश्वव्यापी आर्थिक शक्तिद्वारा प्राप्त वृद्धिको आश्चर्यजनक दर कटौती गर्न कटिबद्ध छन् । नेपाल एक अपवाद देश हुन सक्दैन । मुद्रास्फीति एक समस्या भएको छ ।

नेपालमा मूल्य वृद्धि मापन गर्न नेपाल राष्ट्र बैंकले आधार वर्ष परिवर्तन गर्ने कुरा सार्वजनिक भएको छ । नेपाल राष्ट्र बैंकले आ. व. २०८०/०८१ लाई आधार वर्ष बनाउने भएको छ । समयको अन्तरालसँगै उपभोक्ताको व्यवहारमा परिवर्तन आएको भन्दै नेपाल राष्ट्र बैंकले बजारमा वस्तु तथा सेवाको उपलब्धतामा आएको परिवर्तन तथा प्रादेशिक संरचनालगायतका कारणले आधार वर्ष परिवर्तन गर्न लागेको जनाएको छ । नेपाल राष्ट्र बैंकले २०८० साउनदेखि २०८१ असार मसान्तसम्म देशका ७७ वटै जिल्लाबाट तथ्यांक संकलन गर्ने बताएको छ । यसबाट वास्तविक मुद्रास्फीतिको अवस्थाको दृश्य देखिने अपेक्षा गर्न सकिन्छ ।


मुद्रास्फीति नियन्त्रण गर्नु केन्द्रीय बैंक र सरकारहरूको प्रमुख उद्देश्य हो । मुद्रास्फीति व्यवस्थापन र नियन्त्रण गर्नका लागि यहाँ धेरै उपायहरू छन् । मौद्रिक नीति समायोजन, ब्याज दर परिवर्तन, केन्द्रीय बैंकहरूले मुद्रा आपूर्ति र उधारो कम गर्न ब्याज दर बढाउन सक्छ, जसले मुद्रास्फीति कम गर्न मद्दत गर्न सक्छ ।

खुला बजार संचालन सरकारी धितोहरू बेच्दा मुद्रास्फीतिको दबाब कम गर्दै अर्थ व्यवस्थाबाट अतिरिक्त तरलता लिन सक्छन् । सरकारी खर्चमा कटौतीले अर्थतन्त्रमा माग घटाउन मद्दत गर्न सक्छ । बढ्दा करहरूमा उच्च करहरूले 'डिस्पोजेबल' आय र खर्च घटाउन सक्छ । यसरी माग घटाउन र मुद्रास्फीति नियन्त्रण गर्न सक्छ । पूर्वाधार, प्रविधि र शिक्षामा लगानीले उत्पादकत्व बढाउन, आपूर्ति बढाउन र मुद्रास्फीति कम गर्न मद्दत गर्न सक्छ । 'स्ट्रिमलाइनिङ' नियमहरूले प्रतिस्पर्धालाई प्रोत्साहन गर्न र आपूर्ति बढाउन सक्छ, जसले मूल्यहरू कम गर्न मद्दत गर्न सक्छ ।

सरकारले द्रुत मूल्य वृद्धि रोक्न आवश्यक वस्तुहरूमा मूल्य नियन्त्रणहरू लागू गर्न सक्छ । यद्यपि, यदि मूल्यहरू कृत्रिम रूपमा कम राखिएको छ भने यसले अभाव निम्त्याउन सक्छ । केन्द्रीय बैंकहरूले राष्ट्रिय मुद्रा स्थिर गर्न मुद्रा बजारहरूमा हस्तक्षेप गर्न सक्छन्, जसले आयातीत मुद्रास्फीति नियन्त्रण गर्न मद्दत गर्न सक्छ । मुद्रामा जनताको विश्वास सुनिश्चित गर्नाले मुद्रास्फीतिको अपेक्षालाई बलियो हुनबाट रोक्न सक्छ ।

केन्द्रीय बैंकहरूले अपेक्षाहरू व्यवस्थापन गर्न र आर्थिक व्यवहारलाई मार्गदर्शन गर्न विशिष्ट मुद्रास्फीति लक्ष्यहरू संचार गर्न सक्छन् । आर्थिक सूचकहरू र मुद्रास्फीति डेटाको ट्र्याक राख्दा नीति निर्माताहरूलाई उदीयमान मुद्रास्फीति प्रवृत्तिहरूमा तुरुन्त प्रतिक्रिया दिन मद्दत गर्छ । बचतलाई प्रोत्साहन गर्दै वर्तमान उपभोग घटाउन सक्छ, माग-पुल मुद्रास्फीति कम गर्न मद्दत गर्छ । निष्कर्षमा, मुद्रास्फीति नियन्त्रण गर्न प्रायः विशेष आर्थिक सन्दर्भअनुरूप यी उपायहरूको संयोजन चाहिन्छ । नीति निर्माताहरूले आर्थिक वृद्धि र रोजगारीमा हुने सम्भावित प्रभावसँग मुद्रास्फीति नियन्त्रण गर्ने आवश्यकतालाई सन्तुलनमा राख्नुपर्ने हुँदा सरकार र सम्बन्धित पक्षले गम्भीरताका साथ कार्य गर्ने अपेक्षा गर्नुपर्ने हुन्छ ।

## सामाजिक सञ्जाल



**नीलाम्बर आचार्य**

तिमी जे भन्छौ भन, म सुन्छु र विचार गरी हेर्छु, आफ्नो मन र विवेकलाई पनि सोध्छु । म तिमीलाई आदर गर्छु तर म आफ्नै आँखाले हेर्ने र आफ्नै खुट्टाले हिँड्ने मानिस हुँ । तिमीलाई तिम्रो स्वाभिमान प्रिय छ र मलाई मेरो स्वाभिमान । आऊ एक अर्काको स्वाभिमानको सम्मान गरौं र सहयोग गरौं ।

दलीयकरणले संस्थाको के हालत हुन्छ भन्ने बुझ्न पत्रकार महासंघसँग आबद्ध साथीहरूले ध्वस्त भएको संस्थाको गरिमालाई बोकेर कोर्ट-कचहरीको चक्कर खाइरहेको गैरआवासीय नेपाली संघलाई हेरे हुने । राजनीतिक दलहरूको आलिंगन धृतराष्ट्रको बाहुपासमा फसेजस्तो हो- सास रोकिनु एकछिनअघि मात्र थाहा हुन्छ ।




**जुगल भुर्तेल**



**मातृका पौडेल**

नेपाल पत्रकार महासंघ यस्तो पेसागत र स्वतन्त्र संगठन हो, आजको मितिमा राजनीतिक दलको टिकटबिना काठमाडौंका मेयर बालेन शाह उम्मेदवार बने पनि जित्न सम्भव छैन । अरू व्यावसायिक र सेलिब्रेटी पत्रकारको त कुरै छाडौं !

रविले छुट पाउनै पर्छ किनकि उदीयमान शक्ति ! खबरदार ! बालेनलाई नहेर उनी युवा शक्ति । माओवादीलाई कसले दण्डित गर्ने ? किनकि ऊ परिवर्तनकारी शक्ति । कांग्रेसलाई किन छानबिन गर्ने ? ऊ पुरानो प्रजातान्त्रिक स्थायी शक्ति ! एमालेलाई कसले छुने ? ऊ रूपान्तरित लोकतान्त्रिक शक्ति ! होइन त हाम्रो चिन्तन ?



**इन्द्र अर्याल**

## इतिहासमा आज

१७ डिसेम्बर २००५ मा भुटानका राजा जिग्मे सिग्मे वाङचुकलाई सत्ताबाट हटाइएको थियो ।



१७ डिसेम्बर १९४० मा महात्मा गान्धीले व्यक्तिगत सत्याग्रह आन्दोलन स्थगित गरेका थिए ।



१७ डिसेम्बर १९०२ मा इटालीका प्रपिसद्ध आविष्कारक गुग्लिमो मार्कोनीले पहिलो रेडियो स्टेसन बनाएका थिए ।



१७ डिसेम्बर १८०७ मा फ्रान्सका तानाशाह नेपोलियन बोनापार्टले मिलानको ऐतिहासिक आदेश जारी गरेका थिए ।



# प्रश्नमा सहकारीको ८७ अर्ब !

टिप्पणी



● नारायण गाउँले

कतै सुन्नुभएको होला, ८७ अर्बमाथि कविता र नारा पनि बनेका छन् । ८७ अर्ब खानेहरूलाई उन्मुक्ति दिइएको र ६५ करोडको आरोपमा रवि लामिछानेलाई मात्र प्रतिशोध साँधेर पक्राउ गरिएको दाबी पनि सुन्नुभएकै छ । दाबीको चाबी हामीसँग नभएकाले सदर या बदरतिर नलागी एकछिन यो ८७ अर्बको कुरो कहाँबाट आयो भन्ने बुझ्नतिर लागौं ।

संसदीय छानबिन समितिले संकटग्रस्त सहकारीहरूबाट ८७ अर्बभन्दा बढी रकम अपचलन भएको निष्कर्ष निकाल्दै त्यसमा छानबिन र कारबाहीका निम्ति सरकारलाई सिफारिस गरेको देखिन्छ । उसले वित्तीय विश्लेषण गरेका सीमित सहकारी र सहकारीपीडितहरूले समिति समक्ष गरेको उजुरीका आधारमा ८७ अर्ब बराबर अपचलन भएको निष्कर्ष निक्लिएको हो । के तिनलाई साँच्चिकै उन्मुक्ति दिइएको हो त ? के रवि लामिछाने मात्रै समातिएका हुन् त ?

राजनीतिक शक्तिको आडमा ठग र अपराधीहरू जोगिने कुरा नेपालमा सामान्य जस्तै बनेको सत्य हो । सहकारी ठगीमा पनि त्यस्ता उदाहरण भेटिन्छन् । तर, सहकारी ठगी प्रकरणमा अन्यमाथि कारबाही नै नभएको भन्नेचाहिँ होइन । रास्वपा सांसद सम्मिलित समितिले दिएको जानकारीअनुसार पनि देशभर २५८ वटा सहकारीमा ठगी भएको उजुरी प्रहरीलाई परेको देखिन्छ । ६६९ जना त पक्राउ परेका जानकारी समितिले नै दिएको छ । पक्राउ पुर्जी जारी भएका १ हजार ५४० जना फरार रहेका तथ्यांक प्रतिवेदनमा छ ।

उजुरी, पक्राउ र अनुसन्धानपछि १२८ वटा मुद्दा दर्ता भएका रहेछन् । यो समितिको रिपोर्ट आउनुअघिको संख्या हो अर्थात् छानबिन समिति नबन्दै ६०० बढी पक्राउ र १०० बढी मुद्दा दर्ता भएका देखिन्छ । यो ठूलो संख्या हो र इतिहासकै ठूलो ठगी पनि हो ।

चर्चामा रहेको बुटवल सुप्रिम सहकारीका अध्यक्ष ओमप्रकाश गुरुङ समिति बान्नुअघिदेखि नै कारागारमा छन् । उनले समिति समक्ष दिएको बयानमा रवि लामिछानेको नाम मुछेका थिए । सुप्रिमकै क्यासियर रोशनी गुरुङमाथि पनि मुद्दा चल्दै छ । पोखराको सूर्यदर्शनका संचालक कुमार रम्तेल लामो समयदेखि थुनामै छन् । बागलुङ जिल्लाको एउटा नगरपालिकाका मेयर देवकुमार नेपालीले मात्रै १ अर्बभन्दा बढी अपचलन गरेर फरार भएका थिए । एमालेका नेतासमेत रहेका उनी केही महिनाअघि मात्रै दिल्लीबाट पक्राउ परेर नेपाल ल्याइएका थिए । उनी हाल थुनामै छन् ।

एमालेकै सांसदसमेत रहेका इच्छाराज तामाङ जी. बी. राई पछि दोस्रो ठूलो सहकारी ठगका रूपमा जेलमा छन् । उनकी श्रीमतीसहित परिवारमाथि पनि संगठित अपराध, मनी लाउन्ड्रिङको मुद्दा चलिरहेको छ । उनको समूहले झन्डै ८ अर्ब रुपैयाँ हिनामिना गरेको बताइन्छ । यो कति ठूलो रकम हो भने तामझाम गरेर चीन भ्रमण गएको नेपालले ९ अर्ब अनुदान पाएकामा गर्व गरेको थियो । एमालेको सहकारी विभागकै सचिव रहेका के .बी. उप्रेती पनि ठगीमै पक्राउ परेर कारागारमै छन् । कांग्रेस नेता एवं सांसद उम्मेदवार सी. बी. लामा पनि सहकारी ठगीमा ठूलो नाम हो र उनी पनि कारागारमै छन् । पूर्वडीआईजी जस्तो शक्तिशाली पदमा रहेका छबिलाल जोशी पनि झन्डै ३ महिनादेखि थुनामै छन् । एमाले कोशी प्रदेश सांसदका छोरा सुमन खनाल पनि गत महिना पक्राउ परेका थिए । पोखराकै प्राइम सहकारी ठगीमा संलग्न एमाले नेता शंकरनारायण श्रेष्ठमाथि पनि पक्राउपछि मुद्दा दर्ता छ । राप्रपाकै सांसद पनि पक्राउ पुर्जीपछि फरार छन् । यो शृंखला सोचेभन्दा लामो छ, दर्दनाक छ ।

के सत्ताधारीलाई बचाएको दाबी झुटो नै हो त ? त्यसो पनि होइन । समितिले कांग्रेस नेता धनराज गुरुङ र एमाले सांसद ऋषिकेश पोखरेलमाथि थप छानबिन गर्न सिफारिस गरेको थियो । दुवैका श्रीमती सहकारी संचालक रहेका र ती सहकारीमा ठगी भएको देखिन्छ । जसरी गृहमन्त्री हुँदा रविविरुद्ध प्रहरीले जाहेरी लिएको थिएन, अहिले धनराजविरुद्ध लिने सम्भावना पनि न्यून छ ।

अब हाम्रो विद्यमान न्यायिक क्षमताले २-३ हजार बढी व्यक्ति र २०० जति मुद्दा एकैपल्ट अनुसन्धान र सत्यापन गरेर पीडितलाई न्याय र पीडकलाई सजाय दिन सक्छ या सक्दैन भन्ने गम्भीर प्रश्न छ । अझ आरोपितहरूलाई मुद्दा दर्ता गरेपछि थुप्रै चरणको अदालती बहस र फैसलामा वर्षौं बित्न सक्छ । यस्तोमा बचतकर्ताले ठगिएको रकम फिर्ता पाउने सम्भावना कस्तो होला, त्यो हेर्न बाँकी छ ।

२०७० सालमै पूर्वन्यायाधीश गौरीशंकर कार्कीको नेतृत्वमा सहकारी छानबिन समिति बनेको रहेछ । त्यसले ५० करोडभन्दा बढी कारोबार गर्ने सहकारीलाई राष्ट्र बैंकमार्फत नियमन गर्ने सुझाव दिएको रहेछ । त्यो कार्यान्वयन भएको भए जी. बी. राई या इच्छाराज तामाङले यत्रो रकम ठग्न सक्दैनथे ।

यसको जिम्मा अहिले सरकारमा बस्नेहरूले लिने कि नलिने ? एउटै मान्छे ४-५ वटा सहकारीमा अध्यक्ष हुँदा पनि आँखा चिम्लिने, बिनाधितो र कागजात अर्बौं रुपैयाँ कारोबार हुँदासमेत केही नगर्ने, काठमाडौंमा बसेर पोखरादेखि बुटवलसम्म सहकारी खोल्न र अध्यक्ष हुन पाइने, नियम, कानुन केही नलाग्ने ! यसमा प्रशासन र नियामक निकायको कति पनि दोष र खोट नहोला त ?

(सामाजिक संजालबाट साभार ।)

# राजनीतिक परिपाटी परिवर्तन गर्न यादवको आग्रह

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १ पुस

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकको राजनीतिक परिपाटीलाई परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

सिरहाको गोलबजारमा आयोजित ' जनतासँग जसपा नेपालः आधारभूत संगठन निर्माण अभियान' अन्तर्गत प्रशिक्षण कार्यक्रममा अध्यक्ष यादवले पार्टीको संगठनलाई जनस्तरसम्म मजबुत बनाउँदै मुलुकको राजनीतिक परिपाटीलाई परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको औंल्याएका हुन् ।



उनले आधारभूत संगठन निर्माण अभियानले पार्टीलाई थप सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

सिरहा जिल्ला निर्वाचन क्षेत्र नम्बर ३ र ४ अन्तर्गत जनता समाजवादी पार्टी (जसपा) नेपालको अभिमुखीकरण कार्यक्रम गोलबजारबाट प्रारम्भ भएको हो । कार्यक्रममा स्थानीय नेता, कार्यकर्ता र शुभेच्छुकहरूको उत्साहजनक सहभागिता रहेको थियो । उपस्थितहरूले अभियानलाई सफल बनाउने प्रतिबद्धता व्यक्त गर्दै संगठनलाई बलियो बनाउन पहल गर्ने दृढता व्यक्त गरेका छन् ।

# गाउँमा चहलपहल, सुनसान सदरमुकाम

**अर्घाखाँची/मस-** स्थानीय तह कार्यान्वयन भएको ७ वर्ष पूरा भएको छ भने पुरानो सदरमुकाममा भन्दा पालिका नजिक चहलपहल बढेको देखिन्छ । हिजो सुनसान रहेका गाउँपालिका आसपास गाउँ टोलहरु अहिले चहलपहल बढेको देखिन्छ । लगानी र आम्दानीको आकर्षण बनेका जिल्ला सदरमुकाम भने स्थानीय तहले गर्दा पहिला भन्दा सुनसान भएका थिए तर अहिले चहलपहल बढ्दै छ ।

सदरमुकाममा हुने चहलपहल अहिले स्थानीय तहका सदरमुकाम सरेको छ । जिल्ला सदरमुकाम पहिला भन्दा सुनसान हुन थालेसँगै आर्थिक तथा व्यापारिक गतिविधिहरु समेत पहिला भन्दा अहिले घटेका छन् । स्थानीय तहका केन्द्रमा सदरमुकामको झल्को दिने चहलपहल बढ्दै गएको छ । सन्धिखर्क अर्घाखाँचीको सदरमुकाम हो, जहाँ नेतादेखि कार्यकर्ता र हाकिमदेखि कर्मचारीको जमघट हुने गर्छन् । कुनै जिल्ला स्तरीय ठूलो सभा आन्दोलन र कोण सभा गर्न परे अनिवार्य झर्नुपर्ने हुन्छ । राजनीतिक दलका सबै जिल्ला स्तरीय गतिविधि सन्धिखर्कमा हुने गरेको छ ।

जिल्ला सदरमुकाममा सबै सरकारी अड्डा त छन् तर चहलपहल कम छ । अहिले सदरमुकाम विगतमा जस्तो चहलपहल देखिँदैन, यसको कारण हो स्थानीय सरकार गाउँ-गाउँमा हुनु ।

सन्धिखर्कमा नागरिता र राहदानी मालपोत तिरो नापी कार्यालयहरुमा काम गराउन भने जिल्लाभरका मानिस आउनुपर्ने बाध्यता छ । स्थानीय तह कार्यान्वयनसँगै अहिले जिल्ला सदरमुकामहरु पहिला भन्दा सुनसान बन्दै गएको स्थानीय व्यापारी बताउँछन् । दैनिक सेवाग्राहीको चाप हुने जिविस अहिले समन्वय समितिका रूपमा परिणत भएपछि त्यहाँ समन्वय समितिका पदाधिकारी बाहेक कुनै सेवाग्राही आउँदैनन् । सन्धिखर्कमा 'भवन मात्रै ठूला छन् । बजेट र योजना कम भएको कारणले पहिला भन्दा सुनसान भएको स्थानीयको बुझाइ छ । पहिले जस्तो भनसुन गरेर पनि सन्धिखर्कका सरकारी कार्यालयमा आउन चाहने कर्मचारीको दौडधुप पनि अहिले कम देखिन्छ । कर्मचारी पनि बढी पालिकामा जान चाहन्छन् । सन्धिखर्कका व्यापारी तिर्थराज घिमिरेले भने,'पहिला सरकारी कार्यालयमा सबै काम हुने थियो । योजनाका कार्यक्रम हुन्थ्यो । अहिले सबै नगरपालिका गाउँपालिकामा पुगेपछि सेवाग्राही पनि सन्धिखर्कमा कम मात्रै आउने गरेका छन् ।' फोटोकपी, स्टेसनरीको व्यापार घटेको उनको दाबी छ । अहिले जिल्लाका सबै कामहरु गाउँमा पालिका वडा कार्यालय वा पालिका मातहतका कार्यालय शाखा कार्यालयहरुबाट हुने गर्छ । धेरै शैक्षिक सेवाग्राही आउने शिक्षा विकास समन्वय इकाई कार्यालय अहिले निकै सुनसान हुनेगर्छ । धेरै शिक्षक, कर्मचारीहरुको काम स्थानीय तहमा पालिकाबाट हुने भएपछि अति आवश्यक पर्ने शिक्षक कर्मचारी बाहेक अरु सो कार्यलयमा सेवा लिन आउन पर्दैन ।

जिल्ला सदरमुकामको व्यापार पनि फस्टाउन सकेको छैन । जिल्लाको ठूलो व्यापारको हिस्सा गाउँका व्यापारिले लिन थालेका छन् । सरकारी सेवा र सुविधा पनि पहिले भन्दा सहज बन्दै गएपछि मानिसहरु सन्धिखर्क कम मात्रामा आउने गरेका छन् । जिल्ला समन्वय समिति अगाडि रोशन होटल संचालन गर्दै आएका रोशन पाण्डेले भने,'पहिला-पहिला नास्ता बेचेर थाकिन्थ्यो । अहिले व्यापार कम भएकोले समस्या उत्पन्न भएको हो ।' स्थानीय तह कार्यान्वयन भएपछि आफु मात्रै नभएर सदरमुकामका थुप्रै व्यापारीको व्यापार घटेर गएको सन्धिखर्कका फोटो व्यापारी नारायण भट्टराई गुनासो गरे । अहिले गाउँबाट धेरै सिफारिस लिन सन्धिखर्क सदरमुकाम आउनु पर्दैन् । यातयातको सुविधा र गाउँमा बजार विस्तार हुँदै गएपछि धेरै सामान किनमेल गर्न सदरमुकाम नै आउनुपर्दैन । जसका कारण अन्य व्यापारीसँगै धेरै लगानी गरेर बनाएका होटेल व्यावसायीहरु पनि चिन्तामा छन् । 'पहिले पहिले गाविसको सिफारिसका लागि पनि मानिस सचिव खोज्दै होटलमा आए देउराली होटलका संचालक मेग बहादुर खड्काले भने, ' अहिले सबै गाउँकेन्द्रित हुनाले व्यापारमा ह्रास आएको आफुले महसुस गरेको छु ।' आजभन्दा ८ वर्ष अगाडि दैनिक २०/३० हजारको व्यापार हुने गरेकोमा अहिले अन्यन्तै न्यून रहेको खड्काको भनाइ छ ।

**साउदीमा रोजगार**
कम्पनी : CITY GATE EST FOR LOGISTICS SERVICES — शहर : RIYADH
पूर्व स्वीकृत मितिः२०८१/०९/०१ — चलानी नं.:६०२२९७०६ — LT. No.:315393

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस ९ गते (24 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Liverpool H.R. Solution Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303 Mob. : 9851013724
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com

**Qatar मा रोजगार**
कम्पनीः AMWAJ CATERING SERVICES LIMITED — शहरः DOHA
पुर्व स्वीकृत मितिः २०८१/०९/०१ — चलानी नं.: ६०२२९७०९ — Lt No.: 315401

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Boy | 100 | 0 | स. काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस ९ गते (24 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
लाजिम्पाट- २, गैरीधारा, काठमाडौं, नेपाल, श्रम ईजाजत नं. : ६२७/०६३/०६४
Tel No: 01-4004535, 4004532, 400552, Kathmandu: 9851137102, 9851357667, 9851193714 & 9803741162 ,
Jhapa: 9818498886 & 9852681088, Chitwan: 9844614269 , Pokhara: 9846185832

**कतारमा रोजगार**
कम्पनीः EVERSENDAI ENGINEERING QATAR WLL — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८१/०९/०१ — चलानी नं.: ६०२२९७१६ — LT. No.:315423

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 50 | 0 | स. काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुस ९ गते (24 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ०१-४५१७५३०, ०१-४५४०१४६, ०१-४५१८५३२
E-mail: sagunoverseas@gmail.com | sagunkathmandu@gmail.com
Phone No : 9851113226

# Navrajpur Rural Municipality
## Office of Rural Municipal Executive
### Navrajpur, Siraha, Madhesh Province

## Request for Quotation

**for Hiring a firm for Skills Development Training**
**Date of first Publication : 2081-09-02 (17, Dec 2024)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Nawarajpur Rural Municipality Siraha District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for Hiring a Firm for Skills Development Training in Local Level.
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ).
3. Nawarajpur Rural Municipality, Siraha District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| SN. | Description | RFQ Document fee [non-refundable) | Deadline of RFQ- document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1. | Hiring a Firm for Skills Development Training in Local Level. | 1000 | 02, Jan 2025 (11:00 AM) | 02, Jan 2025 (12:00 PM) | 02, Jan 2025 (2:00 PM) |

4. Bidders, submitting their RFQ, should deposit the cost (non refundable fee of NRs 1000, Rajaswa Sirsak No. 14229 for individual RFQ purchase in the Project's account as specified below and the scanned copy of the Bank deposit voucher should be attached by the bidder at the time submission of the RFQ.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NMB Bank, Nawarajpur
   Name of Office: Navrajpur Rural Municipality, Office of Rural Municipal Executive
   Aantarik Rajaswa Khata A/C No.:- 1110085099400101 (For purchasing fee of bid doc.)
   Office Code: 801021612
5. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
6. Qualified service providers experience and registered in the same district will get advantage.
7. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
8. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized, in the presence of the respective bidders.
9. The Nawarajpur Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
10. For Quotation Document and other information please consult to the below address.
    Address: Nawarajpur Rural Muncipality-4, Siraha
    Email:gapanavrajpursiraha@gmail.com
    Website:https://nawarajpurmun.gov.np/

**Chief Administrative Officer**

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, भण्डारा शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०९/०२ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल बैशाख महिना २५ गतेको राजधानी राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल भाद्र महिना २५ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना : |
|---|---|
| १. | कमल बहादुर थापाको छोरी, केशव बहादुर घिमिरेको श्रीमती, चितवन जिल्ला कुमरोज गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १३ बस्ने **कृपा थापा (घिमिरे) ।** |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** | |
| १. | सोम बहादुर घिमिरेको नाती, भोविन्द्र बहादुर घिमिरेको छोरा, चितवन जिल्ला कुमरोज गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १३ बस्ने **केशव बहादुर घिमिरे ।** |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **कृपा थापा (घिमिरे)**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, कुमरोज गा.वि.स/न.पा वडा नं. ०७ स्थित नक्सा सीट नं. ७क को कित्ता नं. ८१९ को ०-१-०-० (बि.क.धु) क्षेत्रफल रहेको जग्गा सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय भण्डारामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८१ साल पौष महिना १६ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल पौष महिना २१ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

**सानिमा बैंक** — www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**यूएईमा रोजगारको अवसर**
कम्पनीः F N Y TECHNICAL SERVICES LLC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०६/०२ — चलानी नं.: ६०२२५४५५ — L.T. No.:310925 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Mechanic | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen-welder | 2 | 0 | | 2500 | ९२१५० | | | | | | | |
| 3. | Riggers | 2 | 0 | | 3000 | ११०५८० | | | | | | | |
| 4. | Scafolder | 20 | 0 | | 1500 | ५५२९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस ९ गते (24 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**R.P. International Consultancy P. Ltd**
श्रम इजाजत नं. ४६१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

**शुन्य लागतमा कामदारलाई Jordan मा रोजगारी**
कम्पनी : AL ALAMIA EMPLOYMENT & RECRUITN CO FOR BRINGING & USING NON JORDANIANWORKERS
पूर्व स्वीकृत मितिः २०८१/०१/२० — चलानी नं.: ६०२१८८८५ — LT. No.: 304025 — शहरः AMMAN — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/Housemaid | 0 | 10 | स. काममा दक्ष | 350 | ४७,३७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुस ९ गते (24 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**युरो क्रस ईन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. ९९५/०६८/०६९ एयरपोर्ट, काठमाडौं, नेपाल, फोन नं: ४५८५८८३, मोबाइल नं. ९८१३२८७३८१, ९०११०१३५३

**साउदी, कतार र युएईमा रोजगार**
कम्पनी : ALI H. AL-GHAMDI UNITED CO. — शहरः KSA पून विज्ञापन
पूर्व स्वीकृत मितिः २०८१/०२/२२ — चलानी नं.: ६०२२०६४३ — L.T. No.: 305898

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KAS TRADING SCAFFOLDINGS AND LEASING — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/२२ — चलानी नं.: ६०२१४३८८ — L.T. No.:299427 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL JAWHARA AL THAHABIAH METALIC WINDOWS AND DOOR IND LLC — शहर :UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/१४ — चलानी नं.: ६०२१७४२८ — L.T. No.:302178 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Archivist | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Archivist Clerk | 2 | 0 | | 1500 | ५५,२९० | | | | | | | |
| 3. | Metal Doors Maker | 3 | 0 | | 1500 | ५५,२९० | | | | | | | |
| 4. | Painters/metals | 5 | 0 | | 1500 | ५५,२९० | | | | | | | |
| 5. | Stevedore | 4 | 0 | | 1500 | ५५,२९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ९ गते (24 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MOTHERLAND OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 4366318, Fax: 436474
Email : cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com, Website:www.motherlandoverseas.com

# पाथीभरालाई विश्व सम्पदा सूचीमा समावेश गर्न प्रयास

**ताप्लेजुङ/मस-** ताप्लेजुङको तीर्थस्थल पाथीभरा क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गराउने पहल सुरु भएको छ । पाथीभरा क्षेत्र विकास समितिको बैठकले यो ऐतिहासिक तथा सांस्कृतिक महत्वको क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरेको हो ।

समितिका अध्यक्ष रक्की थेबेले पाथीभरा क्षेत्रको विशिष्ट सांस्कृतिक, ऐतिहासिक, धार्मिक र प्राकृतिक विशेषता विश्व सम्पदा सूचीमा सूचीकृत हुन पर्याप्त रहेको जनाउँदै प्रक्रिया अघि बढाइने जानकारी दिए । समितिका कार्यकारी निर्देशक प्रजिन हाङवाङले युनेस्कोको मापदण्ड अनुसार प्रक्रिया थाल्ने सहमति भएको बताए ।



जानकारका अनुसार विश्व सम्पदा सूचीमा अटाउन कुनै क्षेत्र अनुपम, अद्वितीय तथा मानव र प्रकृतिले सिर्जेका संरचनाहरूले भरिपूर्ण हुनुपर्छ । सांस्कृतिक सम्पदाको हकमा निर्माणको कालखण्ड, भाषा, संस्कृति र सभ्यताको झल्को मुख्य आधार मानिन्छ । मानव सभ्यताको इतिहास उजागर गर्ने मौलिक संरचना सूचीकरणको आधार बन्ने गरेको छ ।

युनेस्कोले क्षेत्रलाई सांस्कृतिक र प्राकृतिक आधारको मूल्यांकन गरी चार वर्षसम्मको प्रक्रिया पश्चात मात्रै सूचीकृत गर्ने निर्णय गर्छ । समितिले पाथीभरा क्षेत्रका लागि नयाँ गुरुयोजना तयार गर्ने घोषणा गरेको छ । यसअघि बनेका गुरुयोजनाहरूको समीक्षा गरी पुरातत्वविद् र प्राविधिकहरूको सुझावमा नयाँ प्रारूप बनाइनेछ । साथै, मन्दिर व्यवस्थापन, नित्य पूजा सञ्चालन, सरसफाई कर्मचारी व्यवस्थापन र पूजा सामग्री व्यवस्थापनका लागि बृहत् अक्षयकोष स्थापना गर्ने कार्ययोजना पनि अघि सारिएको छ ।

# उदयपुरमा खाना मेला




**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १ पुस

उदयपुरमा खाना परिकार तथा कोशी प्रदेशस्तरीय प्रतियोगितात्मक लाखेनाच महोत्सव सुरु भएको छ । 'खाना परिकार मेला सफल पारौं, लाखे महोत्सवमा रमाऔं' भन्ने मूल नाराका साथ त्रियुगा, चौदण्डीगढी नगरपालिका लगायतको सहयोग तथा झिगु नेवा पुच उदयपुरको आयोजनामा खाना परिकार तथा लाखेनाच महोत्सव सुरु भएको हो ।

विभिन्न स्थानीयस्तरमा उत्पादन गरिएको खानाका परिकार, विभिन्न जातजातीका वर्गहरुका कला संस्कृति, भेषभूषा लगायत संरक्षण, संवर्द्धन गर्ने उद्देश्यका साथ खाना परिकार मेला तथा प्रदेश स्तरीय लाखेनाच प्रतियोगितात्मक महोत्सव सञ्चालन गरिएको झिगु: नेवा: पुच: उदयपुर गाईघाटको सचिव गोपाल श्रेष्ठले बताए ।

महोत्सवमा किँरात राई, थारु, लगायत विभिन्न समुदायका संस्कार, संस्कृती झल्कने पोशाक, स्थानीय स्तरमा उत्पादन गरिएको विभिन्न जातजातीका खानाका परिकार, लोकल रक्सी, घुँगी, योमरी, मासुका विभिन्न परिकार लगायत राखिएको छ । महोत्सव ८ गतेसम्म सञ्चालन गरिने आयोजकले जनाएको छ ।

## वर्गिकृत डिस्प्ले

### सर्टिफिकेट हराएको सूचना

मिति २०८१/०७/०१ गते कपनबाट चाबहिलसम्म जाँदा मेरो B.B.S. को Original Certificate हराएको हुँदा पाउनुहुने महानुभवले नजिकैको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम:** सुरज खतिवडा
**रजिष्ट्रेशन नं.:** ७-२-७८८-११२-२००८
**ठेगाना:** बुढानिलकण्ठ-१०, कपन
**सम्पर्क नं:** ९८६०३०८६४४, ९७०६२४८९०८

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/०२**

सुर्य बिनाएक हार्डवेयर एण्ड साप्लायर्स प्रा.लि. को २०८१/०८/११ गते सम्पन्न वार्षिक/ विशेष/ साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री सुर्य विनायक हार्डवेयर एण्ड सप्लायर्स** (Surya Binayak Hardware and Suppliers Pvt. Ltd.) (प्रा.लि. नं.: ३५४६०४) कायम गर्ने गरी मिति २०८१/०८/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## UAEमा रोजगार

**AL TAFADOL BUILDINGS MAINTENANCE L.L.C,** पूनः बिज्ञापन
पुर्व स्विकृति मिति: 2080/08/06 चलानी नं. ६०२१०३४९ LT No. 295262

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tile Layer | 48 | 1200 | 44340 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Female Cleaner | 05 | 900 | 33255 | | | | | | | |
| 3 | Cleaner | 17 | 1000 | 36950 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०८१ पुष ९ गतेदेखि १५ गतेसम्म ( 24 to 30 December 2024) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । **लागत खर्च: निशुल्क**

**INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
Kalanki-13, Ktm. Phone: 01-4958728 LIC.NO. 424/060/061

## ओमनमा रोजगार

कम्पनी: **LBN NASSER AL-WARDI TRADING** शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८१/०९/०१ चलानी नं.: ६०२२९७३१ LT. No.: 315470

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
